मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com




वर्ष ३ | अंक १४५ | २०८१ साल चैत्र २६ गते मंगलबार | Tuesday 08, April 2025 | सूर्योदय: बिहान ५:४८ बजे | सूर्यास्त: साँझ ६:२६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# ओलीको स्वागतार्थ रातारात बदलिइयो प्रदेश सभाको हुलिया

मधेश प्रदेश सभाका सदस्यहरुले आफ्नो गाउँठाउँ पनि रातारात यस्तैगरी चिटिक्क पारिदिने हो भने मतदाता अरुलाई भोट नै हाल्थेनन् होला भन्ने अनुमान लगाउन सकिन्छ । जति उनीहरुले प्रधानमन्त्रीको स्वागतको तयारी गरेका छन्, यही रफ्तारमा मधेशमा विकासको लहर फैलाउन र गाउँशहर बदल्न सांसदहरु गम्भीर किन हुँदैनन् भन्ने प्रश्न पनि उठेको छ ।



## मधेशमा थप ६ दिन बढी बिदा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले २०८२ सालमा संघ सरकारले दिएको बिदाका अतिरिक्त ६ दिन थप बिदा दिने भएको छ । नेपाल सरकारले २०८२ साल वैशाख १ गतेदेखि चैत मसान्तसम्म एकवर्षभर सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायका लागि निर्धारण गरेको सार्वजनिक बिदाका अतिरिक्त ६ दिन थप बिदा स्वीकृत गर्ने निर्णय भएको गृह, सञ्चार तथा कानून मन्त्रालयका प्रदेश सचिव उद्धव प्रसाद रिजालले जानकारी दिए ।
प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशित गर्दै संघ सरकारले दिएको बिदाका अतिरिक्त वैशाख २ गते मंगलबार सिरुवा पावनी, कात्तिक ११ गते मंगलबार छठ पर्वको भोलिपल्ट, मंसिर ९ गते मंगलबार विवाहपञ्चमीको अवसरमा बिदा दिने निर्णय गरेको छ । यस्तै, सरकारले थप ३ दिन आवश्यकताअनुसार बिदा घोषणा गर्ने राजपत्रमा उल्लेख छ ।

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभामा आज मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीले सम्बोधन गर्ने कार्यक्रम छ । मधेश प्रदेशसभामा सम्बोधन गर्नेभएपछि मधेश प्रदेश सभाहलमा गरिएको तयारी भने रोचक छ । त्यहाँ रातारात सजावट भएका छन् । प्रधानमन्त्रीलाई सलामी दिइनुका साथै सम्बोधन गर्ने भएकाले प्रदेश सभाको हलभित्र पनि साजसज्जा बदलिइएको छ । चिटिक्क पारिएको छ ।
मधेश प्रदेश सभाका सदस्यहरुले आफ्नो गाउँठाउँ पनि रातारात यस्तैगरी चिटिक्क पारिदिने हो भने मतदाता अरुलाई भोट नै हाल्थेनन् होला भन्ने अनुमान लगाउन सकिन्छ । जति उनीहरुले प्रधानमन्त्रीको स्वागतको तयारी गरेका छन्, यही रफ्तारमा मधेशमा विकासको लहर फैलाउन र गाउँशहर बदल्न सांसदहरु गम्भीर किन हुँदैनन् भन्ने प्रश्न पनि उठेको छ ।
प्रदेशसभा बैठक सभाहलमा कुर्सी मिलाउनेदेखि कार्पेट लगाउने काम भइरहेको छ । प्रधानमन्त्री ओलीले मंगलबार मधेश प्रदेशसभामा सम्बोधन गर्नेछन् ।
प्रदेशसभाका प्रवक्ता विपिन ठाकुरले तयारी अन्तिम चरणमा रहेको बताए । उनले प्रदेशसभा बैठक १० बजेका लागि बोलाइएको र प्रधानमन्त्री ओली आएपछि उनले सम्बोधन गर्ने बताए ।
प्रधानमन्त्री जनकपुर विमानस्थलबाट प्रदेशसभामा पुग्ने र सम्बोधन गरेपछि सिरहामा हुने आमसभामा जाने तालिका छ । प्रधानमन्त्रीले सातै प्रदेशको प्रदेशसभामा सम्बोधन गर्ने कार्यक्रमअनुसार मधेश प्रदेशसभामा सम्बोधन गर्न लागेका हुन् ।

# परिवार जोगाउन नसक्नेले देश जगाउलान् ?




**मधेशदृष्टि**
**वीरगंज ।**
संघिय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले शिक्षक तथा संघीय निजामती ऐन विधेयक चाँडै पारित हुनेमा विस्वस्त हुन सबैमा आग्रह गरेका छन् । करिब एकदशकदेखि अलपत्र रहेका यी विधेयकमा करिब १ हजार ८ सय उपदफामा दफाबार छलफल भएको मन्त्री गुप्ताले बताए ।
वीरगंजमा भएको नेपाल राष्ट्रिय शिक्षक संगठन पर्साको १४औँ अधिवेशन उद्धाटन गर्दै मन्त्री गुप्ताले वैशाख १२ गतेपछि शुरु हुने संसदमा तीनवटा विधेयक पारित हुने प्रतिवद्धता व्यक्त गरे । साथै नेपाल प्रहरीसम्बन्धी विधेयक पनि पारित हुने उनको भनाइ छ । सरकारले तीनवटै विधेयक बहुमतले पारित गर्नेमा आफू आशावादी रहेको मन्त्री गुप्ताले बताए । कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री गुप्ताले विभिन्न प्रतिक्रियावादी शक्ति सल्बलाउन थालेकाले नेपाली जनताले त्यस्ता तत्वलाई तह लगाउने चेतावनी दिए ।
देशमा अहिले गलत प्रचार भइरहेको मन्त्री गुप्ताको भनाइ छ । आफ्नो परिवार बचाउन नसक्ने राजाले देश कसरी बचाउन सक्छन् भन्दै उनले प्रश्न गरे । उनले गणतन्त्रको विकल्प नरहेको पनि बताए । सामन्तवादीको आडमा अडिएको राजतन्त्र हटाएर जनताले लोकतन्त्र ल्याएको इतिहास स्मरण गराउँदै मन्त्री गुप्ताले राजाका नाममा मैदानमा उत्रिने नेताहरू लोकतन्त्रविरोधी भएको उल्लेख गरे ।
राजदरबार हत्याकाण्डपछि क्रमबद्ध राजकुमार दीपेन्द्रको निधन भएलगत्तै नेपालमा राजवंशीय सत्ता विधिवत् रूपमा समापन भएको तर्क गर्दै मन्त्री गुप्ताले भने, 'कुशले बनेका राजा बोकेर हिँड्नु नैतिकताले सुहाउँदैन ।'

# १३ वर्षीया बालिकाको शव लुकाउने महिनापछि पक्राउ



मधेशदृष्टि
जनकपुरधाम ।
सिरहामा मकै बाली जोगाउन लगाइएको विद्युतीय धरापमा परेर मृत्यु भएको बालिकाको शव बोरामा राखेर फालेको आरोपमा एक जना पक्राउ परेका छन् । गोलबजार नगरपालिका–९, गोबिन्दपुरका २४ वर्षीय जनक भनिने वीर बहादुर सार्की पक्राउ परेको जिल्ला प्रहरी कार्यालय, सिरहाले जनाएको छ ।
प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक वीरेन्द्र कुमार पासवानका अनुसार फागुन २९ गते बिहान ११ बजे सार्कीले मकैबारीमा पाडो तथा अन्य जनावरबाट मकै बाली जोगाउन विद्युतीय धराप लगाएकामा केहीबेरमै एउटा केटी चिच्याएको आवाज आएपश्चात त्यहाँ हेर्दा गोलबजार–९, गोबिन्दपुरका १३ वर्षीया गुलसना खातुन लडेको भेटिएको थियो ।
'मृतक गुलसनाले ल्याएको हसिया, खुर्पा, रातो चप्पल र चामलको निलो रंगको बोरा देखेपछि सार्कीले बोरामा गुलसनाको शव राखेर घुर्मी खोलाको किनारमा लगी खुर्पाले खाल्टो खनी पुरेको खुलेको छ,' प्रवक्ता पासवानले भने ।
फागुन २९ गते घाँस काट्न घरबाट निस्केकी गुलसना घर नफर्केपछि आमा जेहदा खातुनले चैत १ गते छोरीको खोजतलासका लागि इलाका प्रहरी कार्यालय मिर्चैया, सिरहामा निवेदन दिएकी थिइन् ।
प्रहरीले खोजतलासक्रममा चैत १२ गते दिउँसो करिब १२ बजेको समयमा गोलबजार–९ स्थित घुर्मी खोलाको किनारमा शव फेला पारेको थियो । प्रवक्ता पासवानले घटनामा केन्द्रीय अनुसन्धान ब्युरोको टोली, मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर र इलाका प्रहरी कार्यालयबाट खटेको संयुक्त टोलीले अनुसन्धान गरेपछि घटनामा संलग्न सार्कीलाई आइतबार गोविन्दपुरबाट नियन्त्रणमा लिएको बताए । जिल्ला अदालत सिरहाबाट ७ दिनको म्याद थप गरी घटना सम्बन्धमा थप अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# स्वास्थ्यकर्मीको अनिश्चितकालीन धर्ना

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले ल्याएको स्वास्थ्य सेवा ऐन, २०८१ विरुद्ध स्वास्थ्यकर्मीको अनिश्चितकालीन धर्ना सोमबारदेखि जनकपुरधामबाट शुरु भएको छ । १ हजार ८ सय स्वास्थ्यकर्मी ऐनविरुद्ध एकजुट भएर सडकमा उत्रिएका छन् । उनीहरूका अनुसार ऐनले स्वास्थ्यकर्मीहरूको वृत्ति विकासमा अवरोध पुर्याउने खालका प्रावधान समेटिएको छ ।
धर्ना जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको नजिकै रेल्वे लिकको दक्षिणपट्टि भइरहेको छ । आन्दोलनको नेतृत्व सिनियर अहेव र सिनियर अनमी चौथो तथा पाँचौँ तह संघर्ष समिति मधेश प्रदेशले गरिरहेको छ । संघर्ष समितिका प्रदेश संयोजक मोहन साहले भने, 'हामीले पटक–पटक प्रदेश सरकारलाई ऐन संशोधनको माग गरेका थियौं । तर, सरकार निरन्तर बेवास्ता गर्दै आयो । अब हामी चर्को घाममा पनि धर्ना



बस्न बाध्य छौं ।' उनले नयाँ ऐनले आफूहरुलाई पदोन्नतिको अधिकारबाट वञ्चित गरिएकोले करियरको ढोका बन्द भएको गुनासो पोखे । उनले भने, 'यो हाम्रो आत्मसम्मानको प्रश्न हो । यसमा सम्झौता हुँदैन ।'
संघर्ष समितिका कोषाध्यक्ष रामदेव कापरले संघीय स्वास्थ्य सेवा ऐन २०५३ को दफा ९ (ख) अनुसार चौथो तहबाट नियुक्त स्वास्थ्यकर्मीले ५ वर्षपछि पाँचौँ र त्यसपछि ८ वर्षमा छैटौँ तहमा पदोन्नति पाउने व्यवस्था रहेको बताए । पाँचौँ तहबाट शुरु गर्नेहरूलाई ७ तहसम्मको पदोन्नति अधिकार सुनिश्चित गरिएको छ । तर, नयाँ प्रदेशस्तरीय ऐनले यो पदोन्नतिको बाटो बन्द गरिदिएको उनीहरूको आरोप छ ।
कापर भन्छन्, 'प्रदेश सरकारले संघीय कानुनी मर्म विपरीत आफ्नो ऐन ल्याएर हामीलाई पछाडि पार्ने काम गर्यो । यो केवल नीतिगत गल्ती मात्र होइन, षड्यन्त्र हो ।' प्रगतिशील जनस्वास्थ्यकर्मी महासंघका केन्द्रीय उपाध्यक्ष सुभाषचन्द्र गुप्ताले ऐनविरुद्धको आन्दोलनलाई 'सौ प्रतिशत जायज' भन्दै समर्थन जनाए । उनका अनुसार, 'ऐनले कर्मचारीको करियर मात्रै होइन, जनतासम्म पुग्ने स्वास्थ्य सेवा प्रणालीलाई नै कमजोर बनाउँछ । जनस्वास्थ्यमा प्रहार गर्ने यस्ता कानुन तुरुन्त फिर्ता हुनुपर्छ ।'
गुप्ताले थपे, 'प्रदेश सरकारले गृह, सञ्चार तथा कानूनमन्त्रीको संयोजकत्वमा गठन गरेको समितिले प्रतिवेदन बुझाइसकेको छ । तर, अहिलेसम्म कार्यान्वयन गरिएको छैन । आन्दोलन अब अधिकारको मात्र नभएर जनस्वास्थ्यको रक्षाको आन्दोलन पनि बनेको छ ।'
प्रधानमन्त्री केपी शर्मा ओलीको मंगलबारको जनकपुरधाम आगमनलाई ध्यानमा राख्दै आन्दोलनकारीहरूले धर्ना स्थल मुख्य सडकबाट हटाएर बाह्रबिघा मैदानमा सार्ने निर्णय गरेका छन् । संघर्ष समितिका अनुसार प्रधानमन्त्रीको सुरक्षामा अवरोध नआओस् भनेर हामीले धर्ना सारेका हौं । तर, आन्दोलन भने कायमै रहनेछ । माग पूरा नभएसम्म हामी पर्खदैनौं । यद्यपि धर्ना अनिश्चितकालीन भएको जनाइएको छ । आन्दोलनरत पक्षले आपतकालीन र अत्यावश्यक स्वास्थ्य सेवा भने निरन्तर सञ्चालनमा राख्ने निर्णय गरेका छन् ।

# २१ हजार मेट्रिक टन पाम आयल कोलकातामा अलपत्र

**मधेशदृष्टि**
**वीरगंज ।**
विवादका कारण वीरगंज पथलैया औद्योगिक करिडोरका सातवटा तेल उद्योगले आयात गरेको २१ हजार मेट्रिक टन पाम तेल चार महिनादेखि भारतको कोलकातामा अड्किएको छ । राज्य र आयातकर्ताबीच देखिएको द्वन्द्वले मुलुकलाई अर्बौं रुपैयाँको नोक्सानी भएको हो । भन्सार विभागले आयातित पाम तेल प्रशोधित भएको दाबी गर्दै प्रशोधित तेलकै वर्गीकरण अनुसार भन्सार शुल्क तिर्नुपर्ने अडान लिएको छ । तर, उद्योगीले भने आफूहरुले कच्चा पदार्थका रुपमा पाम तेल आयात गरेको र सोही अनुसार भन्सार प्रक्रिया पूरा गर्न पाउनुपर्ने माग गरेका छन् । ओसिबी फुड्स एण्ड फिड्सका सञ्चालक नारायण रुंगटाले वर्षौंदेखि कच्चा पदार्थको रुपमा आयात भइरहेको पाम तेललाई अहिले आएर प्रशोधित भन्दै भन्सार कार्यालयले एचएस कोड परिवर्तन गर्न दबाब दिएर व्यवसायीलाई हतोत्साही बनाएको बताए ।

सरकारले पाम तेल आयातमा सहजीकरण नगरे उद्योगले ठूलो नोक्सानी व्यहोर्नुपर्ने र यसले समग्र अर्थतन्त्रमा नकारात्मक असर पार्ने व्यवसायीको भनाई छ । वीरगंज एकीकृत भन्सार (आइसिपी) का प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले भन्सार विभागको प्रयोगशाला परीक्षणबाट आयातित तेल प्रशोधित भएको प्रमाणित भएकाले त्यसलाई प्रशोधित तेलकै रुपमा पास गर्नुपर्ने बताए ।

# घरबाटै २२ लाखको धनमाल लुट

**मधेशदृष्टि**
**सर्लाही ।**
मलंगवा नगरपालिका–३ का नवीन कुमार सिंहको घरमा आइतबार दिउँसो चोरी भएको छ । घरबाटै २२ लाख रुपैयाँ बराबरको धनमाल चोरी भएको हो । प्रहरीका अनुसार घरबाट सुन तथा चाँदीका विभिन्न गरगहना र नगदसमेत करिब २२ लाख रुपैयाँ बराबरको धनमाल चोरी भएको हो । प्रहरीले चोरीमा संलग्न र फरार व्यक्तिको खोजी गर्नुका साथै आवश्यक अनुसन्धान गरिरहेको बताएको छ ।

# स्वास्थ्य वीमाको वार्षिकोत्सव

**मधेशदृष्टि**
**बारा ।**
कलैया उपमहानगरपालिकामा स्वास्थ्य बीमा बोर्ड सम्पर्क कार्यालयको नवौँ वार्षिकोत्सव भएको छ । कार्यक्रममा जिल्ला संयोजक अरबिन्द कुमार यादव, कुमार चौधरी, भागिरथी खनाल, सरस्वती उप्रेती, निलम घिमिरे, आरती कुमारीलगायतको उपस्थिति थियो । कार्यक्रममा सबै स्थानीय तहका वडा दर्ता सहयोगीको सहभागिता थियो । जिल्ला संयोजक यादवले स्वास्थ्य समस्यामा आर्थिक जोखिम न्यूनीकरण गर्न स्वास्थ्य बीमाको महत्व रहेको र नियमित सदस्य बढिरहेको बताए । बारामा जिल्ला नियमित सदस्यको सख्या १२ प्रतिशत छ ।

# साह माओवाद केन्द्रीय सदस्यमा मनोनीत



**मधेशदृष्टि**
**सर्लाही ।**
क्षेत्र नम्बर १ का पूर्व सांसद प्रमोद साह नेकपा माओवादी केन्द्रको केन्द्रीय सदस्यमा मनोनित भएका छन् । साह जसपा नेपाल छाडेर एक महिनाअघि फागुन २३ गते नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका थिए ।
माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र महासचिव देव गुरुङले हस्ताक्षर गरेर पूर्व सांसद साहलाई पार्टीको केन्द्रीय सदस्यको जिम्मेवारी दिएका हुन् ।

# आश्रम निर्माणार्थ वृद्धाभत्तादेखि खुत्रुके दान

भक्तपुर ।
मध्यपुरथिमि–३ गठ्ठाघर निवासी ७८ वर्षीया मिश्री देउजा आज वृद्धाभत्ता बापत प्राप्त रकम बोकेर मध्यपुरथिमि नगरपालिका–५ राधेराधेस्थित ज्ञानविज्ञान महायज्ञस्थल पुगिन् । बैङ्कबाट आइतबार निकालेको ११ हजार १ सय ११ रुपैयाँ वृद्धाभत्ता बोकेर छोरी बिणाको साथमा पुगेकी उनले मानव कल्याण समाजले भवन निर्माणार्थ आयोजना गरेको महायज्ञमा दान दिइन् । उनले भनिन्, 'जसको कोही छैन, उनीहरूको भगवान हुन्छ भन्छन्, मेरो वृद्धाभत्ता ती असाहयका लागि सहयोग गर्न पाउँदा मेरो मन आनन्दित छ ।'

काभ्रेको नमोबुद्ध नगरपालिकाबाट आमाको साथमा आएकी सात वर्षीया बालिका आस्भी खनालले खुत्रुकेमा जम्मा गरेको पाँच हजार ५५ रुपैयाँ दान गर्दा धरैको आँखा रसाए । विगत पाँच वर्षदेखि रक्त क्यान्सरको उपचार गराइरहेकी मध्यपुरथिमि निवासी गोविन्दप्रसाद न्यौपानेले यज्ञस्थलमै आएर २१ हजार रुपैयाँ दान गरे ।

दुवै मिर्गौलामा खराबी आएपछि उपचार गराइरहेका सूर्यविनायक नगरपालिका–२ बालकोट निवासी नारायण बस्नेतले अस्पतालमा डायलासिस सकाएर सिधै महायज्ञस्थल आएर ११ हजार रुपैयाँ दान दिए । यी केही प्रतिनिधि पात्रमात्र हुन् । सैयौँ ज्येष्ठ नागरिक, बालबालिका र दीर्घरोगीले यहाँ भइरहेको महायज्ञस्थलमा आएर दान गरेका छन् । मानव कल्याण समाजकी संस्थापक अध्यक्ष एवम् महायज्ञकी कथावाचिका देवीसुमी मानव भन्छिन्, 'यो निस्वार्थ धार्मिक कार्य हो, २०७४ सालदेखि सडकमा रहेका मानवको उद्धार गरी खाना, नाना र छानाको व्यवस्था गर्दै आएका छौँ, असाहयहरूको आवास अस्थायी भयो त्यसैले आफ्ना कोही नहुने बेसाहाराहरूका लागि साहारा बन्न हामीले सहयोगी हात र मनहरूलाई जोड्दैछौँ ।'

सडकबाट उद्धार गरिएका असहाय सडक एवम् बेवारिसे मानवको लालनपालन र स्थायी आवाससहितको दिगो व्यवस्थापनका लागि आयोजना गरेको महायज्ञसँगै भक्तपुरको झौखेलमा जस्ताको टहरामा जीवन गुजारिरहेका बेसाहाराको आश्रम अवलोकन गरिदिन उनले आग्रह गरिन् । महायज्ञस्थलमा ५१ हजार रुपैयाँ दान दिने स्थानीय परशुराम कार्कीले भने, 'जिन्दगी त सुखुदुःख चलाउन सकिन्छ, तर कोही नहुनेहरूका लागि अलिकति मन फराकिलो बनाउन सहयोग गर्न पाउँदा जीवन जिउनुको सार्थकता मिल्यो, जिन्दगीमा यसैगरी सहयोग गर्न पाइरहियोस् ।'

महायज्ञस्थलमा सडकबाटै उद्धार गरिएका सात बालिकालाई गन्यूचोली र छ बालकको चुडाकर्म अर्थात् व्रतबन्ध गरिएको थियो । यो कार्यमा स्थानीय दाताको सहभागिताले ती बालबालिकाको मन प्रफुल्लित बनाएको महायज्ञ आयोजना मूल समारोह समितिको सचिवालयका बेदप्रसाद खरेलले बताए । भक्तपुरलाई सडक मानवमुक्त बनाउने अभियान शुरु भएको करिब पाँच वर्षमा जस्ताको टहराबाट मानव कल्याण धाम बनाउन सके धेरै बेसाहाराका लागि दिगो बासस्थानको व्यवस्था गर्न सकिने भएकाले सो महायज्ञ गरिएको जनाइएको छ ।

महायज्ञ मूल आयोजक समितिका कोषाध्यक्ष नरेश रञ्जितले हालसम्म दाताहरूबाट महायज्ञमा ३० लाख रुपैयाँ सङ्कलन भएको जानकारी दिए ।

उनले भने, 'सडक मानवमुक्त पार्ने अभियानलाई विगत चार वर्षदेखिनै साथ दिँदै आएका छौँ, यहाँ आफ्नै सन्तानले बाबुआमालाई नहेर्ने जमानामा उहाँले सडकमा अलपत्र मानवलाई उठाएर आश्रम पुर्याएर गरेको सेवा देखेर प्रभावित भइ यो अभियानमा साथ दिएका छौँ ।' महायज्ञ मूल आयोजक समितिका संयोजक गोपी न्यौपानेले मानव भएर मानवकै लागि सहयोग जुटाउन गरेको महान् कार्यमा सहयोगी हात र मनहरू थपिँदै गएको बताए ।

उनले भने, 'जन्म दिएर नौ महिनाअगाडि सालनालसहित झाडीमा फालिएकी बालिका यही महायज्ञमा नन्दलाला (कृष्ण) बनाएर कृष्णजन्मोत्सवको नाटक प्रदर्शन गरी परिक्रमा गर्दा नौ महिनाकी बालिकालाई सहभागी सबैले कृष्ण भगवान् मानेर दर्शन गर्ने र झाडीबाट उठाएर सेवा घर पुर्याएर सालनाल काटेर ग्रहण गर्ने आमा आज यही महायज्ञमै कथा वाचिका हुनुले सहभागीलाई नतमस्तक बनाएको छ ।'

विसं २०७२ देखि भक्तपुरबाट सडकमा बेवारिसे मानवलाई चाउचाउ, बिस्कुट तथा पानी बाँडेर सुरु भएको यो अभियान २०७४ सालदेखि दाताहरूको सहयोगले भाडाको घर लिएर खरिपाटीबाट सुरु भएको आश्रम हाल झौखेलको टहरा बेसाहाराको आश्रयस्थल बनेको छ । समाजले हाल भक्तपुरको झौखेलस्थित टहरामा ४१ जना बेवारिसे सडक मानवको पालनपोषण गर्दै आएको समाजका सचिव विजयकुमार पोखरेलले जानकारी दिनुभयो । त्यसैगरी पशुपति, काभ्रेको पनौती, धुलिखेल, दाङको तुलसीपुर, बाराको निजगढमा गरी ५५ जना अनाथ बालबालिकादेखि असाहय गरी ५ सय ५ जनालाई पालनपोषण गर्दै आएको छ ।

सात वर्षमा दुई हजार १ सय सडक तथा बेवारिसे मानवको उद्धार गरी परिवारमा पुनर्मिलन गराइएको छभने सालनालसहित झाडीमा भेटिएका शिशुदेखि, बलात्कारको पीडामा परेकी किशोरी, अनाथ बालबालिका, छोराछोरी विदेश र स्वदशमै सम्पन्न भएर पनि सडकमा आश्रय लिन पुगेका आमाबाबुलाई समाजले आश्रय दिँदै आएको छ । आश्रममै अन्तिम विश्राम लिएकाहरूको प्रहरी प्रक्रिया पूरा गरेर सुमी मावनलगायतको संस्थाले दाहसंस्कार गर्दै आएको छ । भारतको उत्तर प्रदेशस्थित बृन्दावनमा श्रीमद्भागवतको कोर्ष पूरा गरेर महायज्ञ वाचिका बनेर अनाथ असाहयहरूको सहारा बन्दै सुमी मानवको अभियानलाई महायज्ञमा आउनेहरूले साथ दिएका छन् । रासस


## Invitation for Bids

## Jaleshwar Municipality

**Office Of The Municipal Executive**
**Jaleshwar Mahottari**
**Madhesh Province, Nepal**

## Invitation for Bids for the
## *वडा नं १ देखि १२ सम्म खानेपानी हैन्ड पाईप सामग्री बितरण कार्य*

**Date of publication: Tuesday 26th Chaitra,2081 i.e 08th April,2025**

Invitation for Bids No: **01/NCB/1S2E/GOODS/JM/2081/082**

1. ***Jaleshwar Municipality*** has received a grant from ***Central Government*** towards the cost of ***वडा नं १ देखि १२ सम्म खानेपानी हैन्ड पाईप सामग्री बितरण कार्य*** and intends to apply part of the funds to cover eligible payments under the Contract for **01/NCB/1S2E/GOODS/JM/2081/082** Bidding is open to all eligible Bidders.
2. The **Jaleshwar Municipality Office** invites ***Electronic*** bids from eligible bidders for the procurement of ***वडा नं १ देखि १२ सम्म खानेपानी हैन्ड पाईप सामग्री बितरण कार्य*** under National competitive bidding – Single Stage Two Envelope procedures.

| *S. N.* | *IFB number* | *Name of Procurement* | *Cost of Bid documents amount in NPR (non-refundable)* | *Minimum Bid Security amount in NRP* | *Minimum Bid Security Validity Period* |
|---|---|---|---|---|---|
| *1* | 01/NCB/1S2E/ GOODS/JM/2081/082 | वडा नं १ देखि १२ सम्म खानेपानी हैन्ड पाईप सामग्री बितरण कार्य | *3,000/-* | *2,60,000/-* | Minimum 120 days i.e up to Thrusday, 19th Bhadra 2082 ( 4th September 2025) |

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Jaleshwar Municipality, The Municipal Executive, Jaleshwar,Mahottari Tel: 044-520087/Fax: 044-520143.** or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Rastriya Banijya Bank,Jaleshwar
   Name of Office : **Jaleshwar Municipality, Jaleshwar, Mahottari,**
   Office Code no. : 801021802
   Office Account no.: **1270100301010003 (Revenue Account Number)**
   Rajaswa (revenue) Shirshak no. :
   Pre-bid meeting shall be held at ***Jaleshwar Municipality office Of the Municipal Executive*** at ***14:00 Hrs , Monday, 15th Baisakh 2082 i.e 28th April 2025.***
6. Electronic bids must be submitted to the office ***of Jaleshwar municipality,The Municipal Executive,Jaleshwar Municipality*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Hrs on ***Thrusday 25th Baishakh 2082 i.e 08th May 2025.***Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs on ***Thrusday 25th Baishakh 2082 i.e 08th May 2025*** at the office of **Jaleshwar Municipality the Municipal Executive, Jaleshwar, Mahottari** Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs. 2,60,000,** which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.


# प्रजातन्त्र प्राप्तिमा चन्द्रशेखरको योगदान महत्त्वपूर्णः देउवा

**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेपालको प्रजातन्त्र प्राप्तिमा भारतका पूर्वप्रधानमन्त्री चन्द्रशेखरको ठूलो योगदान रहेको बताएका छन् ।

गणेशमान सिंह फाउन्डेसनले गरेको 'नेपाल–भारत सम्बन्ध सुदृढ गर्न भारतका पूर्वप्रधानमन्त्री चन्द्रशेखरले पु¥याउनुभएको योगदान' विषयक कार्यक्रममा उनले भने, 'पूर्वप्रधानमन्त्री चन्द्रशेखरले नेपालको प्रजातन्त्रबारे नेपालमा मात्र होइन भारतमा पनि आवाज उठाउनुभएको थियो । उहाँ नेपाल आएपछि प्रजातन्त्र प्राप्तिका आन्दोलनमा उत्साह थपिएको थियो ।'

एवम् पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका देउवाले चन्द्रशेखरप्रति नेपालमा सम्मान र सदभाव रहेको बताउँदै अहिले पनि नेपालको गणतन्त्रात्मक व्यवस्थाप्रति भारतको सदभाव रहेको उल्लेख गर्नुभयो । 'नेपाली कांग्रेसका नेताहरु वीपी कोइराला, गणेशमान सिंहलगायतप्रति उहाँको सम्बन्ध राम्रो थियो,' सभापति देउवाले भने, 'नेपाल धेरै पटक आउनुभएको र मैले पनि राम्रोसँग चिनेको थिएँ, भारतमा जाँदा म उहाँको निवासमा गएको छु । उहाँ सहयोगी हुनुहुन्थ्यो ।' सभापति देउवाले नेपाल–भारतबीचको खुला सिमानाले दुई देशको प्रगाढ सम्बन्धको महत्वबारे स्पष्ट पारेको उल्लेख गर्दै दुवै देशका जनताबीच समेत घनिष्ठ सम्बन्ध रहिआएको बताए ।

# शिक्षकका माग सम्बोधन गर्न जसपाको माग

**ललितपुर ।**
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले शिक्षा क्षेत्रमा देखिएको विकृति, विसङ्गति र अन्योलता अन्त्य गर्न सरकारलाई आग्रह गरेका छन् । अध्यक्ष यादवले विज्ञप्ति जारी गर्दै मुलुकको विकास, परिवर्तन र भविष्यको आधार शिक्षा भएको स्पष्ट पारे । विज्ञप्तिमा भनिएको छ, 'सरकारको अदूरदर्शी र त्रुटिपूर्ण नीति, ऐन, कानून तथा व्यवस्थापनका कारण शिक्षा क्षेत्र गुणस्तरहीन र दिशाहीन बन्दै गएको छ ।' उनले वर्तमान अवस्थालाई गम्भीर रूपमा लिएर सुधारको माग गरे । विगत केही दिनदेखि आफ्ना न्यायोचित मागसहित आन्दोलनरत शिक्षकहरूको पक्षमा उभिँदै अध्यक्ष यादवले सरकारलाई तत्काल वार्ता गरी समस्या समाधान गर्न सुझाव दिए । साथै शिक्षासम्बन्धी नीति, योजना, ऐन, कानुन र कार्यक्रमरूको समीक्षा गरी सुधार गर्नुपर्नेमा उनले जोड दिए । अध्यक्ष यादवले सबै नागरिकलाई समान गुणस्तरीय शिक्षा प्रत्याभूत गर्ने नीति अवलम्बन गर्न सरकारलाई आह्वान गर्दै शिक्षा क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त बनाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउनुपर्ने बताए ।

# बनेन नारायणी अस्पतालको सिटिस्क्यान मेसिन

**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी अस्पतालमा सिटिस्क्यान मेसिन बिग्रेको तीन महिनाभन्दा बढी भइसक्दा पनि त्यसलाई बनाउन प्रशासनले चासो दिएको छैन । अस्पतालको सिटिस्क्यान मर्मत नहुँदा सेवाग्राही बाहिर महँगो शुल्क तिर्न बाध्य छन् । मेसिनको ट्युब बिग्रेको तीन महिना भइसक्दा पनि अस्पताल प्रशासनले जानाजानी मर्मत नगराएको सेवाग्राहीको आरोप छ । सिटिस्क्यानका लागि अस्पताल पुगेका वीरगंजका अर्जुन साहले कर्मचारीको मिलेमतोमा सिटिस्क्यान बिगार्ने गरेको आरोप लगाए । पेटको सिटिस्क्यान गराउन गत मंगलबार अस्पताल जाँदा बिग्रेको भनेपछि बाहिर गराएको उनले बताए । नारायणी अस्पतालमा मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दासले सेवाग्राहीको आरोप निराधार भएको बताए । दुई महिनादेखि सिटिस्क्यानको ट्युब बिग्रेको र सप्लायर्सले सिटिस्क्यानको ट्युब चीनबाट मगाउने प्रक्रिया गरिसकेको दाबी गरे । केही दिन अझै कुर्नुपर्ने अवस्था रहेको उनको भनाइ छ । चिकित्सकले कुनै पनि रोगको अनुसन्धान गर्दा शरीरको तन्तु, रक्तनली वा हड्डीको विस्तृत जानकारी आवश्यक परेमा सिटिस्क्यान गर्न सिफारिस गर्छन् ।

# बालाबाखर बालविवाह मुक्तवडा घोषित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको शहीदनगर नगरपालिका–१ बालाबाखरलाई बालविवाह मुक्त वडा घोषणा गरिएको छ । बालविवाह न्यूनीकरण गर्ने उद्देश्यले आधारभूत विद्यालय बेमरखिखालमा सोमबार आयोजित कार्यक्रममा शहीदनगर नगरपालिकाका नगर प्रमुख दिनेश प्रसाद यादव र उपप्रमुख सुनिता सिंहलगायतले संयुक्तरुपमा वडा नम्बर १ बालाबाखरलाई बालविवाह मुक्त घोषणा गरे ।




आसमान नेपालले सञ्चालन गरेको बालविवाह न्यूनीकरण परियोजनाअन्तर्गत नगरपालिकाको वडा नम्बर १ लाई बलाविवाह मुक्त घोषणा गरिएको हो । यसअघि आइतबार जनकनन्दनी गाउँपालिकाको वडा नम्बर ४ लाई बालविवाह मुक्त घोषणा गरिएको थियो । वडाध्यक्ष तेजुलाल यादवको अध्यक्षतामा भएको समारोहमा नगर प्रमुख यादवले बालविवाहको सामाजिक कुरीतिबाट नगरपालिकालाई मुक्त गर्ने गरी अभियान सञ्चालन भइरहेको बताए । उनले अभियानमा नगरपालिकाले हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाए । उमेर नपुग्दै विवाह हुँदा महिलाले विभिन्न प्रकारको समस्याको सामना गर्नुपरेकाले यसतर्फ समाजलाई सचेत हुनुपर्ने आवश्यकता उनले औंल्याए । शहीदनगर नगरपालिकाको बालविवाह मुक्त हुने वडा नम्बर १ पहिलो वडा हो । उपप्रमुख सिंहले बालविवाह महिलाको लागि अभिसाप रहेकाले यसमा महिला सचेत हुनुपर्नेमा जोड दिइन् । महिला सचेत भए बालविवाह नहुने विश्वास उनले व्यक्त गरिन् । बालविवाहमा परेका महिलालाई प्रजनन स्वास्थ्य सम्बन्धी समस्या, शिक्षामा पहुँच, शारिरिक विकास, मानसिक विकासको समस्या आउने भएकाले यसतर्फ सबैलाई सचेत हुन आवश्यक रहेको उपप्रमुख सिंहले बताइन् । स्थानीय र सरोकारवालाको बालविवाह नगर्ने प्रतिबद्धतापछि वडालाई बालविवाहमुक्त वडा घोषणा गरिएको नगरपालिकाका बाल कल्याण अधिकारी रामसिकिल यादवले बताए ।

वडा नम्बर १ मा १ हजार आठ सय ११ घरधुरीका दुई हजार आठ सय १५ बालबालिका छन् । तीमध्ये दुई हजार सात सय ३३ बालबालिका विद्यालय भर्ना भएका छन् । बालविवाह मुक्तसँगै वडा नम्बर १ लाई पूर्ण विद्यालय भर्ना वडा घोषणा गरिएको हो ।

सबै बालबालिका पूर्ण समय औपचारिक दिवा स्कुलमा हुनुपर्छ भने नाराका साथ सञ्चालन गरिएको अभियान सफल पार्न भूमिका निर्वाह गरेका गैरसरकारी संघसंस्थालाई धन्यवाद ज्ञापन गर्दै वडाध्यक्ष तेजुलाल यादवले तीन वर्षमा सबैको प्रयासले वडालाई बालविवाह मुक्त घोषणा गर्न पाइएको बताए ।

वडासदस्य सत्यनारायण यादवले स्वागत मन्तव्य राखेको समारोहमा स्थानीय समाजसेवीले पनि बालविवाहविरुद्धको अभियानमा सबैको सहकार्य आवश्यकत रहेको बताए ।

# सरकारी स्वास्थ्य संस्थामै औषधी अभाव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका सरकारी स्वास्थ्य संस्थामा औषधी अभाव भएको छ । मधेश प्रदेशको स्वास्थ्य तथा जनख्या मन्त्रालयअन्तर्गतका स्वास्थ्य आपूर्ति केन्द्रमा पटकपटक निर्देशक परिवर्तन भएसँगै त्यहाँ विवाद हुँदा औषधी खरिद हुन नसकेको हो ।

औषधी अभाव भएपछि विपन्न वर्गका बिरामी समस्यामा परेका छन् ।

हाल प्रादेशिक अस्पतालले आन्तरिक स्रोतबाट अत्यावश्यक औषधी खरिद गरेर सेवा सञ्चालन गरे पनि सरकारले तोकेअनुसार निःशुल्क औषधी बिरामीलाई उपलब्ध गराउन नसक्दा विपन्न परिवार महंगो मूल्यमा निजीमा किन्न बाध्य छन् । सरकारले निःशुल्क उपलब्ध गराउने ९८ प्रकारका औषधीमध्ये आधा पनि उपलब्ध गराउन सकेको छैन । मधेश प्रदेशको १ सय ३६ स्थानीय तहमा प्रयोगशाला स्थापना गरेको प्रदेश जनस्वास्थ्य प्रयोगशालामा परीक्षणका लागि आवश्यक किट नभएका कारण थप समस्या भएको छ । प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रमा औषधी आपूर्तिका लागि प्रक्रिया अघि बढाइएको र चाँडै आपूर्ति हुने मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले जानकारी दिए ।

# खुम्चिँदै सिम्रौनगढको व्यापार

**मधेशदृष्टि**
**बारा ।**
जिल्लाकै प्रसिद्ध सिम्रौनगढ नगरपालिकाको बजार राज्यकै चौतर्फी घेराबन्दीमा पर्दै गएको छ ।


सिम्रौनगढस्थित छोटी भन्सार कार्यालयको स्तर वृद्धि गर्न राज्यले सुनुवाइ नगर्दा बजारको व्यवसाय पनि चौपट भएको हो । भन्सार स्तर वृद्धि नहुँदा व्यवसाय पनि खुम्चिँदै गएको र राज्यले नै घेराबन्दीमा पारेको उद्योग वाणिज्य संघ सिम्रौनगढका अध्यक्ष लालबाबु कुशवाहाले बताए ।

बजारबाट वीरगंज भन्सार र गौर भन्सारको दूरी करिब ३० किलोमिटर रहेकाले मालसमान मगाउँदा ढुवानी भाडा बढी लाग्ने व्यवसायी बताउँछन् । भारतबाट भरिया लगाएर थोरै सामान मगाउँदा प्रहरीले पक्राउ गर्ने गरेको व्यवसायीको गुनासो छ । यसमाथि पत्रकारले पनि प्रहरीको मिलोमतो तस्करी भएको भनेर समाचार बनाएर दुःख दिने गरेको व्यवसायी बताउँछन् ।

१० किलो चिनी, ५ वटा साडी वा ५ लिटर खाने तेल ल्याउदा तस्करीको मालसामान भनेर प्रहरीले पक्राउ गरिरहेकाले पसल बन्द गर्ने अवस्थामा पुगेको व्यवसायी सुनाउँछन् । यता सीमाबाट हुने चोरी तस्करी नियन्त्रण गर्न प्रहरी र सशस्त्र प्रहरीले गरेको कारबाहीले नागरिकले दैनिक उपभोग्य सामान ल्याउँदा पनि थोरै मात्र सामान मात्र छाड्ने गरिएको प्रहरी बताउँछन् ।

## समाचारको प्रभावः

# खयर बोट मासेर जग्गा बनाउने पक्राउ



**मुकेश कुमार साह**
**चपुर ।**
मधेशदृष्टिमा प्रकाशित समाचारपछि रौतहटको वृन्दावन नगरपालिका–१ स्थित बागमती नदीको बगर क्षेत्रमा अवैध रूपमा खयर जातका रुख मास्ने गतिविधिमा संलग्न एक व्यक्तिलाई डिभिजन वन कार्यालय रौतहटले पक्राउ गरेको छ । खयर जातका बहुमूल्य वनस्पति मासेर खेतीयोग्य जमीन बनाउने कार्य तीव्र बन्दै गएको विषयमा मधेशदृष्टिले समाचार प्रकाशन गरेपछि डिभिजन वन कार्यालय तत्कालै सक्रिय बनेको हो ।

डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त प्रसाद साहले भने, 'समाचार सार्वजनिक भएलगत्तै हाम्रो टोलीले निगरानी बढायो र अवैध रूपमा वन फाँड्नेलाई कानूनी दायरामा ल्याउने प्रक्रिया अघि बढायौँ ।' उनका अनुसार पञ्चायतकालदेखि जारी बगर अतिक्रमण समस्या समाधान गर्न समय लाग्ने भए पनि अतिक्रमित भूभाग फिर्ता ल्याउन विभाग दृढ संकल्पका साथ लागिरहेको छ ।

यसैक्रममा आइतबार बिहान वृन्दावन नगरपालिका–४, हरैयाका बिल्टु राय यादवलाई वन गस्ती टोलीले खयरघारी वन क्षेत्रमा झाडी र बुट्यान फाँडिरहेको अवस्थामा पक्राउ गरेको हो ।

वृन्दावन सब डिभिजन वन कार्यालय बलेरीका वन अधिकृत ललन राउत कुर्मीका अनुसार, यादवले पूर्वमा बागमती नदी, पश्चिममा भंगालो, उत्तर र दक्षिणमा खयरघारी तथा ऐलानी खेतबारीले घेरेको करिब ५ कठ्ठा वन क्षेत्र अतिक्रमण गरिरहेका थिए ।

पक्राउ परेका यादवमाथि वन अतिक्रमण (नियन्त्रण) ऐन, २०७६ अनुसार कारबाही प्रक्रिया अगाडि बढाइएको डिभिजन प्रमुख साहले जानकारी दिए ।

साथै, दीर्घकालीन समाधानका लागि जिल्ला वन क्षेत्र समन्वय समिति बैठक आह्वान गरी रणनीतिक उपाय तय गर्न लागिएको उनले बताए ।

# टि–२० महिला तथा पुरुष क्रिकेट प्रतियोगिता शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल प्याब्सन वीरगंज महानगर समितिको आयोजनामा वीरगंजमा टि–२० महिला तथा पुरुष क्रिकेट प्रतियोगिता शुरु भएको छ ।

प्रतियोगिता महानगरपालिकाका प्रमुख राजेशमान सिंह र जिएचपी स्कूलकी प्रधानाध्यापक रोमी कौरले क्रिकेट खेलेर संयुक्तरूपमा उद्घाटन गरे ।

उद्घाटनमा महानगर प्रमुख सिंहले खेलले विद्यार्थीलाई अनुशासित र स्वस्थ बनाउने बताए ।

नेशनल प्याब्सन वीरगंज महानगर अध्यक्ष जियालाल गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा नेशनल प्याब्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष रामविनय चौरसिया, ज्ञानदा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र प्रसाद कोइरालालगायतको उपस्थिति थियो ।

त्यसक्रममा भएको मार्चपासमा जिएचपी स्कुल प्रथम, सगरमाथा एकेडेमी द्वितीय र ऋचा स्कुल तृतीय भएका थिए । नेशनल प्याब्सन वीरगंजका सचिब शेख अजहरले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रममा काव्या एकेडेमी र सगरमाथा एकेडेमीका विद्यार्थीले स्वागत नृत्य प्रस्तुत गरेका थिए ।

# वडाध्यक्षकपको उपाधि मिलनचोकलाई

**मधेशदृष्टि**
**बारा ।**
डुमरवाना विकास मञ्चद्वारा आयोजित दोस्रो वडाअध्यक्ष भलिबल प्रतियोगिताको उपाधि मिलन चोक बाराले जितेको छ ।

जीतपुरसिमरा वडा नम्बर १३ को वडा कार्यालय खेल मैदानमा भएको फाइनल खेलमा मिलन चोकले निष्टा क्लब भीमफेदी–४, निबुवाटारलाई ३ सेटले हराउँदै विजयी भएको हो । फाइनल खेलमा मिलन चोकले शानदार प्रदर्शन गर्दै उपाधि हात पारेको छ । विजेता टिम मिलन चोकले १ लाख नगद पुरस्कारसहित मेडल प्राप्त गरेको छ भने उपविजेता निब्टा क्लबले ५० हजार नगद र मेडल हात पारेको छ । खेलभर उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी पनि पुरस्कृत भएका छन् । सरोज बर्देवा 'बेस्ट प्लेयर', नवीन महतो 'बेस्ट स्पाइकर' र मञ्जिल गुरुङ 'बेस्ट लिफ्टर' घोषित भए । डुमरवाना विकास मञ्चका अध्यक्ष जितेन्द्र चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेल र उपप्रमुख भोला अधिकारी, वडा नम्बर १२, १३ र १५ का वडाध्यक्षलगायतको उपस्थिति थियो ।

# ससुरालाई बुबा बनाएर भारतीले लिए नागारिकता

**मधेशदृष्टि**
**बारा ।**
पचरौता नगरपालिका–५ मा भारतीय नागरिकले जालसाजी गर्दै नेपाली नागरिकता लिएको पाइएको छ । बिहार राज्य, मोतिहारी जिल्ला अन्तर्गत बडैला गाउँका रामकैलाश प्रसाद यादवले ससुरालाई बुबा देखाएर नेपालमा नागरिकता लिएको खुलासा भएको हो ।

विसं २०६३ फागुन २६ गते नागरिकता वितरण टोलीलाई झुक्याउँदै उनले वंशजका आधारमा नेपाली नागरिकता प्राप्त गरेका थिए । तत्कालीन टोली प्रमुख जटेश्वर सिंहको हस्ताक्षरसहित उनले नागरिकता प्रमाणपत्र ३३०४९–५०८३ नम्बरमा प्राप्त गरेका थिए । प्रारम्भिक अनुसन्धानमा यादवले नागरिकता लिँदा ससुरालाई बुबाका रूपमा प्रस्तुत गरेका थिए । तर, भारतमा भने उनी आफ्नै वास्तविक परिचयसहित आधार कार्ड, मतदाता परिचयपत्र र जातीय प्रमाणपत्र राख्दै आएको प्रमाण भेटिएको छ ।

नेपालको प्रचलित नागरिकता ऐन, २०६३ अनुसार दुई देशको नागरिकता राख्न नपाइने स्पष्ट व्यवस्था छ । तर, यादवले भारत र नेपाल दुवै देशको परिचयपत्र प्रयोग गर्दै सहज आवागमन गरिरहेको पाइएको छ । पचरौता नगरपालिकाका नगरप्रमुख जलन्धर सिंह (जैशवार) ले दोषीमाथि तत्काल कानूनी कारबाही माग गरेका छन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'पचरौतामा भएको यो जालसाजी अति गम्भीर छ । दोषीमाथि कडाभन्दा कडा कारबाही होस् । जिल्ला प्रशासन कार्यालय बाराले तत्काल छानबिन थाल्नुपर्छ ।'

स्थानीयले रामकैलाश यादव मात्र नभई नागरिकता वितरणमा संलग्न कर्मचारीलाई समेत कारबाहीको दायरामा ल्याउन माग गरेका छन् ।

उनीहरूका अनुसार यस्ता घटना दोहोरिन नदिन प्रशासनले निगरानी प्रणाली कडा बनाउनुपर्ने आवश्यकता छ । तर, जिल्ला प्रशासन कार्यालय, बाराले भने अहिलेसम्म कुनै आधिकारिक प्रतिक्रिया सार्वजनिक गरेको छैन । प्रशासनको मौनता र ढिलासुस्तीप्रति स्थानीय आक्रोशित देखिएका छन् ।

# क्रिकेट कपमा बौद्धिमाई स्पोर्टस क्लब विजयी

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर २१ परवानीपुरमा सोमबारदेखि वडास्तरीय क्रिकेट कप शुरु भएको छ । वीरगंज महानगरपालिका वडा नम्बर २१ को सहयोगमा कम्युनिटी चेयर नेटवर्कले आयोजना गरेको प्रतियोगिताको वीरगंज महानगरपालिका वडा नम्बर २१ का वडाअध्यक्ष राधाकृष्ण साह रौनियारले उद्घाटन गरे ।

क्रिकेट कप उद्घाटन गर्दै उनले खेलकुदले व्यक्तिलाई स्वस्थ र तन्दुरुस्त बनाउने बताए । साथै उनले खेलकुदको विकासलाई आफूले प्राथमिकता दिएको पनि दाबी गरे । कम्युनिटी चेयर नेटवर्कका अध्यक्ष अभिशेक कुशवाहको अध्यक्षतामा भएको कार्यक्रममा परवानीपुर गाउँपालिका वडा नम्बर ३ का वडाअध्यक्षका प्रत्यासी दीपक यादव, पूर्व गाविस अध्यक्ष जतन राउत कुर्मी, कृष्ण कुशवाह, भोज महतो, जवाहिर कुशवाह, हृदयनारायण कुशवाहा, वडा सचिव सैदुल्ला अन्सारीलगायतको उपस्थिति रहेको स्थानीय समिर आलमले जानकारी दिए ।

परवानीपुरको खेल मैदानमा भएको प्रतियोगिताको उद्घाटन खेलमा बौद्धिमाई स्पोर्टस क्लब विजयी भएको छ । १५ ओभरको खेलमा परवानीपुर युनिकलाई पराजित गर्दै बौद्धिमाई स्पोर्टस क्लब विजयी भएको हो । प्रतियोगितामा ८ वटा टोलीको सहभागिता छ ।

# एक तोला सुन नपाएको भन्दै कुटपिट

**मधेशदृष्टि**
**सर्लाही ।**
हरिपुर नगरपालिका–२ की २१ वर्षीया बविता कुमारी महरालाई परिवारजनले दाइजोको निहुँमा कुटपिट गरेको आरोपमा पीडितले जिल्ला जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी परेको छ । पीडितलाई सासु ४७ वर्षीय मोहनी देवी महरा, नन्द १५ वर्षीया विभा कुमारी र पति २२ वर्षीय रामकलेश महराले चैत ११ गते दाइजोको निहुँमा गालीगलौज गर्नुका साथै कुटपिट गरेको पीडित पक्षको आरोप छ ।

दाइजोमा एक तोला सुन नदिएको भन्दै आरोपितले कुटपिट गरी घरेलु हिंसा गरेको पीडितका बुबा जयराम महरा चमारले बताए । पीडितको उपचार हरिपुरस्थित स्वास्थ्य चौकीमा भएको र थप उपचार जिल्ला अस्पताल मलंगवामा भएको जयराम महरा चमारले बताए । उपचारपश्चात पीडित माइती घर मलंगवा नगरपालिका–४ शिवसागर चोकनजिक बस्दै आइरहेकी छिन् ।

पीडित र आरोपित रामकलेश महराबीच २०८० फागुन १६ गते विवाह भएको थियो । विवाहमा नगद ५० हजार रुपैयाँ र फर्निचरका सामग्री दिइए पनि थप दाइजोबापत एक तोला सुन नदिएको भन्दै आरोपितले कुटपिट गरेको पीडित पक्षको आरोप छ । जिल्ला प्रहरी कार्यालय, मलंगवाका एसपी रबिन्द्र बहादुर श्रेष्ठले घटनाको अनुसन्धान गरी दोषीलाई कानूनबमोजिम कारबाही गरिने बताए ।

## सम्पादकीय

# अमेरिकी कर वृद्धि, चीनको प्रतिक्रिया र भारतमा शेयरमा गिरावट

*भारतमा मुख्य शेयर सूचकाङ्क खुल्दा ३ प्रतिशत भन्दा बढीले गिरावट आएको छ । बेन्चमार्क निफ्टी सूचकाङ्क तीन प्रतिशतभन्दा बढी तल झरेका कारण सोमबार खुला कारोबारमा भारतीय शेयरहरूको मूल्यमा गिरावट आएको हो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत हप्ता भारतबाट हुने आयातमा २६ प्रतिशत कर लगाएपछि नयाँदिल्लीले भन्सार शुल्क वृद्धिबाट हुने 'प्रभाव' र 'अवसर' दुवैको परीक्षण गरिरहेको बताएको थियो।*

*नेसनल स्टक एक्सचेन्जमा सबैभन्दा ठूला भारतीय कम्पनी प्रस्तुत गर्ने निफ्टी ५० तीन दशमलव ५५ प्रतिशतले घटेको छ। भारतको शक्तिशाली सूचना प्रविधि कम्पनी समावेश भएको निफ्टी आइटी पाँच दशमलव ५३ प्रतिशतले घटेपछि अमेरिकाले लगाएको करवृद्धिको असर परेको छ । निफ्टी आइटीको सबैभन्दा ठूलो बजार संयुक्त राज्य अमेरिका हो । यसैले अमेरिकाले लागू गरेको करको दायराले भारतीय सूचना प्रविधिका बजारलाई प्रभावित पार्ने नै भयो।*

*शेयर बजारमा एकहिसाबले 'रक्तपात' नै भएको भन्दा पनि फरक पर्दैन । भारतीय सञ्चारमाध्यमले पनि यही शब्द प्रयोग गरेका छन् । भन्सार शुल्क घोषणा भएपछि भारतको वाणिज्य विभागले 'विभिन्न उपायका प्रभाव सावधानीपूर्वक परीक्षण गरिरहेको' भन्दै विज्ञप्तिमा 'यो नयाँ विकासका कारण उत्पन्न हुनसक्ने अवसर पनि अध्ययन गरिरहेको' जनाएको छ । भारतको औषधी क्षेत्र अमेरिकाको पारस्परिक भन्सार शुल्क कदमबाट औषधीहरूलाई छुट दिएर सुरक्षित देखिएको छ।*

*भारतको औषधी क्षेत्रले सन् २०२४ को आर्थिक वर्षमा संयुक्त राज्य अमेरिकामा आठ अर्ब डलरभन्दा बढी उत्पादन निर्यात गरेको थियो।*

*भन्सार शुल्क घोषणा गर्दै ट्रम्पले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी 'महान मित्र' रहेको तर उनले 'हामीलाई सही व्यवहार नगरेको' बताएका थिए। यसरी अमेरिकाले लागु गरेको करको प्रभाव जापानमा परिसकेको छ। चीनले दिएको प्रतिक्रिया अरु त्रसितमय अवस्थाको सिकार भएको छ । अमेरिकाले गरेको करवृद्धिले अमेरिकालाई समृद्धिको स्वर्गको ढोका भए पनि अमेरिकालाई बजार बनाउने अरु विकसित देशहरुको अवस्था कमजोर हुन थालेको छ। चीनले भने अडिग भएर अमेरिकाले गरेको व्यवहारलाई हेरिरहेको जनाएको छ।*

*अमेरिकाले जस्तै एसियाली बजार बन्द भएपछि चीनले शुक्रबार अप्रिल १० देखि सबै अमेरिकी सामानमा पनि ३४ प्रतिशत प्रतिशोधात्मक भन्सार शुल्क लगाउने घोषणा गरेर अर्को चर्चा बटुलेको छ। दुई देश आर्थिक युद्धमा नै उत्रिएका छन् । विश्वव्यापी माग हराइरहेको र विश्वव्यापी मन्दी आउने बेला खबौं डलरको स्टक नष्ट भइरहँदा अमेरिकासँग चीन भने प्रतिशोधमै उत्रिएको छ। जापान, छ दशमलव पाँच प्रतिशत, हङकङमा १० प्रतिशत र साङ्घाई र ताइवानको मुख्य सूचकाङ्क करिब १० प्रतिशत तथा सिङ्गापुर आठ दशमलव पाँच प्रतिशतले घटेपछि अरु देशरु मौन रहे पनि चीनले प्रतिक्रिया दिएको हो। विश्वव्यापी मन्दीको चिन्ताका कारण सन् २०२१ अप्रिलपछि पहिलोपटक अमेरिकी तेल प्रतिब्यारेल ६० डलरभन्दा तल झरेको छ। ठूला राष्ट्रहरुको आर्थिक लडाईंको असर भारतले खेपेकाले नेपाल पनि यसबाट अछुतो रहन सक्दैन।*

# मल्लकालीन समय झल्काउने नवदुर्गाको ङालाकेगु जात्रा



**लक्ष्मी गारु**

भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक महत्वको नवदुर्गा देवगणको 'ङालाकेग ु(माछा मार्ने)जात्रा मल्लकालीन परिवारलाई दर्शाउने जात्रा हो । तान्त्रिक विधियुक्त जात्राले मल्लकालीन समयमा नेवार जनजीवनमा सबैसँग मिलेर बस्ने, संयुक्त परिवारमा बसी काम गर्ने, ठूलालाई आदर सत्कार, सानालाई मायाप्रेम, सामाजिक मर्यादा, रीतिरिवाज, वेशभूषा, रहनसहन, खानपिन आदिलाई चरितार्थ गरिएको छ।

तान्त्रिक विधिको माध्यमबाट मानव शरीरमा देवत्व प्रतिष्ठापित गरी बोलेरभन्दा निश्चित भाव सङ्केतद्वारा संवाद प्रस्तुत गरी मनाइने जात्राले मल्लकालीन समयको संयुक्त परिवारलाई इङ्गित गर्ने नाचका रुपमा ङालाकेगु जात्रालाई लिन मिल्ने इतिहास एवं संस्कृतिविद् प्रा डा पुरुषोत्तमलोचन श्रेष्ठले जानकारी दिए।

"नेवार समुदायमा झल्किने शक्तिशाली पारिवारिक अनुसरणको सङ्केत नाचमा प्रस्तुत गरिएको छ, सबै देवगणलाई देवगृहमा भित्र्याउने, निष्कासित गर्ने दायित्वसँगै नेवार समुदायमा मानिसको जन्मदेखि मृत्युसम्मको संस्कारमा नंकी (घरमूली)ले संस्कार निभाउने भावप्रधानयुक्त नाच हो", उनले भने, "जात्राले मल्लकालीन समयमा नेवार समुदाय र संस्कारमा नंकी प्रधान भन्ने मूल सन्देश जात्रामा देखाएको छ।"

नगदुर्गा देवगणमा पित्तलको सानो मन्दिरलाई सिफोद्यः (महालक्ष्मी)को प्रतीकका रुपमा लिइन्छ । नाचमा भैरव, महाकाली, बाराही, ब्रह्मयणी, महेश्वरी, कुमारी, भद्रकाली, इन्द्रायणी, गणेश, महादेव, श्वेतभैरव, सिम्हदुम्ह (नन्दीभृंगी) गरी १३ मुकुण्डो प्रयोग गरी नाच प्रदर्शन गरिन्छ । त्यसबाहेक खिं बाजा, तः बाजा, कायँःबाजा, महापात्र र नकींगरी १९ जनाको समूह हुन्छ । नाचमा सबै दैत्यहरुको संहार गरी रगत थाप्ने विशेष खालको महापात्र (खप्पर)लाई त्रिपुरासुन्दरीको प्रतीक मानिन्छ।

नाचमा मुबाहा (सुँगुरबली)को रगतमा चिउरा मिसाएर बनाएको (धौबजी)लाई प्रसादका रुपमा देवगणले ग्रहण गर्छन्। यो विधि भैरव महाकालीले गर्छ । जात्रामा उनीहरुलाई गणका आमाबुबाका रुपमा लिइन्छ। महाकालीले धौबजी वितरण गर्दा महेश्वरीले लिइँदैन । महेश्वरीलाई बर्खी बाँडेकी देवीका रुपमा पुजिन्छ।

माघे सङ्क्रान्तिको भोलिपल्ट सुजमारीबाट सुरु गर्ने जात्रा नगरका २१ स्थानलगायत काठमाडौँको जयबागेश्वरी, थिमी, बनेपा, पनौती, साँखु, चाँगुनारायण, साँगा, श्रीखण्डपुर, टोखा, नालामा प्रदर्शन गरिन्छ । जात्रा सुरु गर्नु एक दिनअगाडि वापी पाछाकिगु जात्रा भनी सुजमारी टोल परिक्रमा गरेर राति खःप्याखं प्रदर्शन गरी मुःवाहा जात्रा गर्ने परम्परा छ।

**जात्रामा प्रदर्शन गर्ने नाच**

भैरवनाथको नाचबाट जात्रा सुरु गरिन्छ। गीतको बोल, बाजाको तालसँगै पारिवारिक रहनसहन, अभिभावकको भूमिका, चेलीबेटीको दुःख, शाकाहारी, मांसाहारी जस्ता विषयवस्तुहरुमा नाच प्रदर्शन गरिन्छ। भैरवको बाहुलीबाट पूजा गर्ने, बलि दिने, समयबजीका साथ मुबाहालाई लखेटेर मुबाहा ल्यगु (लखट्ने) नाच सुरु गरिन्छ। नाच सुरु गर्न मुबाहा अगाडि खुल्ला ठाउँमा छोडी, लियो लियो पायो पायो भन्दै लखट्दै समातेर सिफोद्यः अगाडि लगी बलि दिन्छ । त्यसपछि क्रमिक रुपमा महेश्वरीले बाहेक सबै गणले रगत खाएपछि भैरव, काली र गणेशको नाच प्रदर्शन गरिन्छ।

**धान रोपाइँ नाच**

ब्रह्मायणी, महेश्वरी, कुमारी र भद्रकालीले धान रोपाइँ नाच देखाइन्छ। सृष्टिकर्ताका रुपमा रहेका बह्मायणीबाट नाचबाट सुरु गरिन्छ । कुमारीले परिवारमा चेलीबेटीले गरिने व्यवहारको नाच प्रदर्शन गर्छ। सरसफाइ गर्ने, श्रृङ्गारहरु गर्ने, खाना पकाउने र बाँडेर खुवाउने कार्य कुमारीले देखाउँछ। नाचमा अरूलाई बाँडेर खुशी हुने कुमारीलाई भैरवले खाली पात्र दियो भनी चित्त दुःखाइ कुमारी तुलेगु (कुमारी विलाप गर्ने) नाच प्रदर्शन गरिन्छ। नाचमा कुमारीलाई लक्ष्मी र सरस्वतीका रुपमा समेत पूजा गरिन्छ।

त्यसपछि भद्रकालीले कृषि कार्यको प्रतीकको नाच देखाइन्छ । कुनै प्राणी बाँच्नका लागि खानपान आवश्यक पर्छ भन्ने भाव नाचमा प्रस्तुत गरिन्छ । गणमा महेश्वरीलाई शाकाहारी देवीका रुपमा पुजिन्छ । शान्तिको प्रतीकका स्वरुप यिनलाई गङ्गाजस्तो पवित्र मानी छुट्टै पहिचान भएकी देवीका रुपमा पुजी नाच देखाइन्छ।

**बाराही नाच**

बाराहीले घरको महिलाको नाच प्रदर्शन गरिन्छ। बेलविवाह, सूर्यविवाह, बुहारीमा हुनुपर्ने व्यावहारिक ज्ञान, घरपरिवारमा नारीले निभाउनुपर्ने व्यवहार, आदर, सम्मान, शिष्टतालगायत नाच प्रदर्शन गरिन्छ।

**सिम्हदुम्हको ङालाकेगु जात्रा**

जात्रामा सिम्हदुम्हलाई भीमसेन र द्रौपदीका रुपमा पुजिन्छ। दुम्हले बालबालिकाहरुका गतिविधिका साथै भीमसेनको भूमिका निभाउँछ भने सिम्हले द्रौपदीको भूमिका निभाउँछ। जात्रामा सिम्हदुम्ह दुवैले ङालाकगु गर्ने ् टोलमा पैसा माग्न जान्छ। पैसा माग्ने कार्य सकेपछि श्रीमान् श्रीमतीबीच हुने दाम्पत्य जीवनमा हुनुपर्ने सदाचारयुक्त सिम्हदुम्हको ङालाकेगु जात्रामा गरिन्छ । जात्रा गर्दा स्थानीय टोलटोलमा तीन पटकसम्म ङालाकेगु गर्छ।

**महाकाली नाच**

सिम्हदुम्हको ङालाकेगु जात्रापछि युद्धको भूमिका, नारी र तीन नेत्रको क्रोधयुक्त नाच महाकालीले देखाइन्छ । गणमा महाकालीलाई सबैभन्दा क्रोधी देवीका रुपमा प्रस्तुत गरिन्छ। नाचमा देवीहरुको क्रोधबाट महिषासुरलाई स्वर्ग र पातालबाट खोजेर आफ्नो हतियारबाट वध गरेको प्रदर्शन गरिन्छ । नाचमा आफूले बलि नपाउँदा रिसाइ फर्कने क्रोधी देवीका रुपमा देखाइन्छ।

**श्वेतभैरवको खास्टो लुट्ने फिर्ता गर्ने नाच**

यो नाच महिषासुरको वध गरेपछि रगताम्य महाकालीले वस्त्र सफा गरी रहेको बेला श्वेतभैरवले सुन्दर नारीको नग्न शरीर हेर्दै जिस्किरहेको देखाइन्छ । आफूलाई लुकीछिपी हेरेर जिस्काए भन्दै क्रोधित महाकालीले श्वेतभैरवसँग खास्टो लुटेर लिने नाच देखाइन्छ। त्यसपछि खास्टो फर्काउन श्वेतभैरवले महाकालीलाई मायाले फकाए पनि मान्दैन।

जति मायाले फकाए नि महाकाली नमानेपछि स्वेतभैरवले बाटोमा पैसा मागेर महाकालीलाई चढाएर मनाउन खोज्छ । क्रोधित महाकालीले भाले कुखुरा खाने इच्छा प्रकट गर्छ। श्वेतभैरवले त्यही पैसाले भाले किनेर महाकालीलाई चढाउँछ। महाकालीले खुसी भई मुखबाट भालेको टाउको छुट्याइ बलि लिन्छ र भैरवलाई खास्तो फिर्ता गर्छ। यस कथालाई जीवन्त दिँदै नाच प्रदर्शन गरिन्छ।

**श्वेतभैरवको ङालाकेगु जात्रा**

खास्तो फिर्ता गरेपछि सिम्हदुम्ह, बालकुमारी, श्वेतभैरव र महाकालीबीच विशेष पूजा गरी गरिन्छ। त्यसपछि श्वेतभैरवले बोक्ने पुलुको सबै कुनामा माछा राखेर श्वेतभैरवको नाच देखाइन्छ। माछा राख्न सकेपछि पुलुले श्वेतभैरवलाई हावा हम्काई ङालाकेगु जात्रा गरिन्छ । यो जात्रा टोलटोलमा तीन पटकसम्म गरिन्छ।

**श्वेतभैरवको पेट दुख्ने नाच**

माछा मार्ने जात्रा सकेपछि श्वेतभैरवलाई पेट दुखेर छटपटिरहेको नाच देखाइन्छ। सिम्हदुम्हलाई भनेर इन्द्रायणीलाई बोलाउन पठाई अक्षता छरेर निको पारिन्छ । यसपछि श्वेतभैरव र इन्द्रायणीको नाच



प्रदर्शन गरिन्छ। नाचमा स्वेतभैरवले सिम्हदुम्हको सहयोग लिई लुगा धुन लगाउँदा लुगा फालिदिन्छ। फालिदिएपछि सिम्हदुम्हलाई गाली गरी आफैँले लुगा धुने नाच देखाइन्छ।

**समापन नाच**

समापन नाच राति देखाइन्छ । यस नाचमा श्वेतभैरवको नाच देखाइन्छ । लगत्तै सम्पूर्ण देवगणहरुले सामूहिक नाच प्रदर्शन गरिन्छ । त्यसपछि स्थानीयवासीका हर्षोल्लासका साथ बाजागाजा अगाडि राखेर जयजयकारका साथ धूप, अगरबत्ती बाली देवगृह पु¥याई जात्रा सम्पन्न गरिन्छ।

प्रत्येक वर्ष नवदुर्गाको जन्मसँगै नेवार समुदायमा सुखद क्षण, उत्साह उमङ्ग छाएको हुन्छ। यसको अन्त्यसँगै भक्तपुरमा मात्र नभएर देशकै लागि विभिन्न कठिनाइको सामना गर्नुपर्छ । नेवार समुदायमा वर्षदिनको चाड घण्टाकर्णदेखि सुरु भई सिथी नखाःमा समापन हुन्छ । घण्टाकर्णसँगै नवदुर्गा उत्पत्ति भई सिन्हाज्या सुरु गरिन्छ । भगस्थीमा देवगण जलमा समावेश भएपछि देशमा बाढीपहिरोको प्रकोप सुरु हुने, मानिसहरु आलस्य भई विभिन्न रोगबाट ग्रसित हुने नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन संस्थाका सल्लाहकार नारायण वनमालाले जानकारी दिए।

नवदुर्गागणको नाचबारे प्रचलित किंवदन्तीअनुसार भक्तपुर नगरको पूर्वमा अवस्थित नालागाउँमा एउटा ब्रह्मायणी जोल भन्ने जङ्गल थियो । सो जङ्गलको खोँचमा एउटा मन्दिर छ। उक्त मन्दिरबाट नवदुर्गागण प्रकट भई नाच्ने, जङ्गलको बाटो भई आवतजावत गर्ने जोसुकै मानिसहरुको भोगबलि लिने कारण जनजीवन भयावह अवस्था आयो । एकपल्ट नालाकै एक सिद्ध तान्त्रिक आचाजु सोही बाटो हुँदै जाँदा नवदुर्गाले भोगबलि लिन खोज्दा आचाजु चलाख भएर पहिले सबै गणको दर्शनपूजन गर्न पाउँ भनी बिन्तीभाव गर्दा गणले मानेपछि आचाजुले सबै देवगणलाई तान्त्रिक मन्त्रशक्तिबाट तानेर कलाली (नेवार समुदायान पूजा राख्ने विशेष खालको थाली) मा विराजमान गराई नालास्थित आफ्नै घरमा लगेछ।

आचाजु जीवत भएसम्म नित्य पूजा भयो तर मृत्युपछि पूजा गर्ने कोही नभएपछि देवगणहरु तान्त्रिक मन्त्रशक्तिबाट बाहिर आएर पुनः सोही स्थानमा आएर मानिसको भोगबलि लिन थाले। भोगबलिकै लागि नवदुर्गाले मनुष्यको रुपधारण गरी नालाका मानिसहरुलाई जङ्गलमा लाने र भोगबलि लिन थाले। यस्तो भएपछि नालामा पुरुष नहुने स्थिति आयो।

एक दिन नालामा नवदुर्गाले भोगबलि लिएका मानिसको कर्मकाण्ड गर्न सोमराज नाम गरेका एकजना ब्राह्मण गएछन् । कारणवश ब्राह्मण आचाजुको घरमा पुगेछन्। घरको अवस्था देखेर उहाँले आचाजुको घरमा खोजीनिति गर्दा एउटा कोठामा कलाली भेटाएछ । ब्राह्मणले तान्त्रिक मन्त्रद्वारा सबै देवगणलाई आह्वान गरी पुनः त्यही कलालीमा राखेर आफ्नो बासस्थान सोमला गल्लीमा लगेछ। कसैले नदेख्ने गोप्य ठाउँमा राखी नियमित नित्यकर्म पूजापाठ गर्न थाले।

एक दिन ब्राह्मण स्नान गर्न गएका बेला उहाँको श्रीमतीले देवगण भएको कोठामा ढोका खोली हेर्दा देवगणले चाल पाएर कोप भई त्यहाँबाट पूर्वदिशातर्फ लागे। त्यहाँबाट कोप भई गएपछि इनाचोस्थित स्वंग ल्हमा पुग्दा देवगणहरुले सुँगुरको भोगबलि लिई रहेको ब्राह्मणले थाहा पाए। त्यो देखेर ब्राह्मणले देवगणलाई पुनः फर्कन आग्रह गर्छन्। मन्त्रले काम नगरेपछि नवदुर्गालाई देशवासीको अगाडि ल्याउनुपर्छ भनी सबै गण समावेश भएको गणखा (वनमाला समुदाय)लाई नृत्य सिकाई मुकुण्डो खर्पनमा राखी पठाएको किंवदन्ती रहेको छ । किंवदन्तीअनुसार देवगण सिद्ध हुनलाई मोहनी (कालो टीका) धारण गरेपछि देव प्रतिनिधि हुन पाउनेछन्। यसकारण नवदुर्गाको मुबाहाका रुपमा सुँगुरलाई लिएको मानिन्छ।

आठ महिना सञ्चालन हुने यो जात्रा नगरको तुलाछेस्थित त्रिपुरासुन्दरी, तुछिमला, इच्छुबाहेक बाहिर जिल्लाका पनौती र बनेपा गरी पाँच ठाउँमा बाँकी रहेको छ । खाली पेटमा जाँड र रक्सीको भरमा नाङ्गो खुट्टाले नाच्नुपर्ने कठोर नाचको नियम पालना गर्दै जात्रालाई जीवन्त राख्दै आएका वनमाला समुदायको संरक्षण र संवद्र्धनका लागि गुठी संस्थान, भक्तपुर नगरपालिकालगायत राज्यले विशेष बन्दोबस्त गरिदिनुपर्ने जात्रा तथा मन्दिर व्यवस्थापन संस्थाका पूर्वसचिव रत्नमान वनमालाले बताए। रासस

# ट्रम्पको करविरुद्ध चिनियाँ प्रतिक्रियाले सेयर बजार आतङ्कित

चिनियाँ प्रतिकार र विश्वव्यापी मन्दीको चेतावनी अझ चर्को हुँदै जाँदा पनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो कठोर भन्सार शुल्कमा अडान लिइरहेको बेला सोमबार विश्व बजार आतङ्कित भएको छ। विश्वभरका देशहरूले नयाँ अमेरिकी भन्सार शुल्कको धारलाई कम गर्न सङ्घर्ष गरिरहेका छन् तर बेइजिङले विश्वको दुई ठूला अर्थतन्त्रबीचको व्यापार युद्धलाई बढावा दिँदै भन्सार शुल्कहरूको सामना गरिरहेको सङ्केत दिएको छ।

ट्रम्पले अमेरिकाका व्यापारिक साझेदारहरूसँगको घाटामा कटौती गर्ने आफ्नो मागलाई दोब्बर तुल्याउँदै त्यो समाधान नभएसम्म कुनै पनि सम्झौतामा कटौती नगर्ने बताउनुभएको छ । 'कहिलेकाहीँ तपाईँले केही कुरा ठिक गर्न औषधि लिनुपर्छ,' ट्रम्पले आइतबार भने । उनले एयर फोर्स वनमा सवार पत्रकारहरूलाई विश्व नेताहरू 'सम्झौता गर्न लालायित भइरहेको' बताए।

ट्रम्पले गत हप्ता संयुक्त राज्य अमेरिकामा आउने सामानहरूमा आधारभूत १० प्रतिशत आयात भन्सार शुल्क र युरोपेली सङ्घ (इयु), जापान र ताइवान सहित धेरै देशका लागि उच्च दरहरू घोषणा गरे । अधिकांश देशले जवाफी कारबाही गर्न छाडेका छन् तर एसियाली बजारहरू बन्द भएपछि चीनले शुक्रबार अप्रिल १० देखि सबै अमेरिकी सामानमा ३४ प्रतिशत प्रतिशोधात्मक भन्सार शुल्क लगाउने घोषणा गरेको छ । '(यो) कठोर–बल आर्थिक युद्ध हो,' एसपिआई एसेट म्यानेजमेन्टका स्टिफन इन्नेसले भने, 'बजारले तपाईंलाई सरल भाषामा भन्दैछ ः विश्वव्यापी माग हराइरहेको छ र विश्वव्यापी मन्दी आउने वाला छ र तीव्रतामा आउँदैछ ।' विश्वव्यापी रूपमा खबौं डलरको स्टक नष्ट भएको छ र लगानीकर्ताहरू सुरक्षित सम्पत्तिमा सरेकाले सोमबार एसियाली इक्विटीहरूले अझ बढी क्षति बेहोरेका छन् । जापानमा निक्केई छ दशमलव पाँच प्रतिशतले घटेको छ । प्रारम्भिक कारोबारमा लगभग आठ प्रतिशतले घटेको थियो। हङकङमा ह्याङ सेङ लगभग १० प्रतिशत र साङ्घाई कम्पोजिट चार प्रतिशतभन्दा बढी घटेको छ।

हङकङ र साङ्घाईमा जस्तै शुक्रबार बन्द भएको ताइवानको मुख्य सूचकाङ्क करिब १० प्रतिशत र सिङ्गापुर आठ दशमलव पाँच प्रतिशतले घटे । न्युयोर्क स्टक एक्सचेन्जको मुख्य बोर्डहरूका लागि फ्युचर कन्ट्र्याक्टहरू आइतबार तीव्र रूपमा तल झरेको थियो। यसले सोमबार बजार खुल्दा वाल स्ट्रिट स्टकहरूका लागि थप पीडाको सुझाव दिन्छ। विश्वव्यापी मन्दीको चिन्ताका कारण सन् २०२१ अप्रिलपछि पहिलोपटक अमेरिकी तेल प्रतिब्यारेल ६० डलरभन्दा तल झरेको छ।

सम्झौता र गठबन्धन

वासिङ्टनको सबैभन्दा नजिकको मित्रहरूमध्ये एक हुँदाहुँदै पनि इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहु सोमबार गत हप्ताको घोषणापछि ट्रम्पसँग भेट्ने पहिलो नेता बन्ने हुनुभएको छ । इजरायलमाथि १७ प्रतिशत भन्सार शुल्क लगाइएको छ। बेलायतका प्रधानमन्त्री किर स्टार्मरले एक समाचारपत्रको ओप–एडमा यथास्थितिलाई बढ्दो रूपमा 'सम्झौताहरू र गठबन्धनहरू' मा भर पर्ने बताउँदै 'हामीले चिनेको संसार गइसकेको छ' भनी चेतावनी दिए।

ट्रम्पको क्रमिक समयसीमाले केही देशलाई वार्ता गर्ने स्थान दिएको छ। यद्यपि उहाँले आफू दृढ रहने बताउनुभएको छ र उहाँको प्रशासनले कुनै पनि प्रतिशोध विरुद्ध चेतावनी दिइरहेको छ।

'५० भन्दा बढी देशले वार्ता शुरु गर्न राष्ट्रपतिसँग सम्पर्क गरेका छन्,' ह्वाइट हाउस राष्ट्रिय आर्थिक परिषद्का प्रमुख केभिन ह्यासेटले अमेरिकी व्यापार प्रतिनिधिलाई उद्धृत गर्दै आइतबार एबिसीको दिस विकलाई भने। पहिलो त्रैमासिकमा अमेरिकालाई आफ्नो सबैभन्दा ठूलो निर्यात बजारका रूपमा गणना गर्ने उत्पादन पावरहाउस भियतनामले पहिले नै सम्पर्क गरिसकेको छ र ट्रम्पले लगाएको ४६ प्रतिशत भन्सार शुल्क कम गर्न कम्तीमा ४५ दिनको ढिलाइ अनुरोध गरेको छ।

खराब अभिनेताहरू

अर्थमन्त्री स्कट बेसेन्टले पनि ५० वटा देशले सम्पर्क गरेको एनबिसीको मिट द प्रेसलाई बताए। 'मलाई लाग्छ कि यो राष्ट्रपति ट्रम्पको निर्णय हो,' ट्रम्पले उनीहरूसँग वार्ता गर्नुहुन्छ कि भन्ने प्रश्नमा बेसेन्टले भने, 'यस क्षणमा उहाँले आफ्नो लागि अधिकतम प्रभाव सिर्जना गर्नुभएको छ... मेरो विचारमा हामीले देशहरूले के प्रस्ताव गर्छन् र त्यो विश्वसनीय छ कि छैन हेर्नुपर्नेछ।'


उनले दाबी गर्दै भने, 'लामो समयदेखि खराब अभिनेताहरू रहेका छन् र यो त्यस्तो कुरा होइन जुन दिन वा हप्ताहरूमा वार्ता गरेर टार्न सकिन्छ ।' ट्रम्पका भन्सार शुल्क गुरु पिटर नाभारोले बढ्दो चिन्ताविरुद्ध प्रतिकार गर्नुभएको छ र लगानीकर्ताहरूलाई 'हामीले कहिल्यै देखेको सेयर बजारमा सबैभन्दा ठूलो बुम' को वाचा गर्दै 'तपाईंले बेच्नुभएन भने पैसा गुमाउन सक्नुहुन्न' भनी जोड दिनुभएको छ । रुसलाई पछिल्लो भन्सार शुल्कको समूहले लक्षित गरेको छैन र ह्यासेटले युक्रेनमा रुसको आक्रमणका बारेमा मस्कोसँगको वार्तालाई हिट लिस्टबाट उनीहरूको छुटको कारणका रूपमा उद्धृत गरे। बुधबार ह्वाइट हाउसका एक अधिकारीले प्रतिबन्धका कारण व्यापार नगण्य भएकाले रुसलाई बाहिरिने कारण रहेको सुझाव दिए । संयुक्त राज्य अमेरिकामा उत्पादनहरू बेच्ने विश्वभरका देशहरूले वास्तवमा अमेरिकीहरूलाई ठगिरहेका छन् भनेर ट्रम्पले लामो समयदेखि जोड दिएका छन् र उनले त्यो गलतलाई सुधार्ने माध्यमका रूपमा भन्सार शुल्कलाई हेरेका छन्।

'कुनै दिन मानिसहरूले बुझ्नेछन् कि भन्सार शुल्क, संयुक्त राज्य अमेरिकाका लागि, एक अत्यन्त सुन्दर कुरा हो !,' ट्रम्पले आइतबार ट्रुथ सोसलमा लेखेका छन्। तर धेरै अर्थशास्त्रीले भन्सार शुल्कहरू उपभोक्ताहरूमा हस्तान्तरण गरिन्छ र उनीहरूले घरमा मूल्य वृद्धि देख्न सक्छन् भन्दै चेतावनी दिएका छन्। 'मलाई लाग्दैन कि तपाईंले अमेरिकामा उपभोक्तामा ठूलो प्रभाव देख्नुहुनेछ,' ह्यासेटले भने । एएफपी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# संविधानअन्तर्गत शपथ,संविधान मान्दिनँ भन्नु इमानदारिताको खडेरीः प्रधानमन्त्री


**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानअन्तर्गत शपथ खाएर संसदमा आएर संविधान मान्दिन भनिनु इमानदारिताको खडेरीपन हुने बताएका छन् । फरियन अफेयर्स मिडियाद्वारा सोमबार आयोजित 'हिमालयन डायलड'को पहिलो शृंखलाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सामन्ती शासन व्यवस्थाका कारण नेपाल विकासमा पछाडि परेको र राजनीतिक परिवर्तनपछि जनताले गरेका व्यापक अपेक्षाका बीच आफूहरुले विकास र सुशासनका यात्रालाई अगाडि बढाउन भरमग्दुर प्रयास गरिरहेको बताए ।



'पराजित सामन्तवाद मलाई त आउन मन लागिराख्या छ भन्न छाडेको छैन । मलाई साथ देऊ भनिराखेका छन,' राजतन्त्रवादीतर्फ लक्षित गर्दै उनले भने, 'संविधानकै व्यवस्थाअन्तर्गत शपथ खाएर संसदमाा आएर संविधान मान्दिनँ भनिनु इमानदारिताको खडेरी हो ।' यसबाट सङ्क्रमणकाल अझै लम्बिने देखिएको उनको भनाइ थियो । 'जता हावा ढल्केको छ, त्यतै बग्ने प्रवृत्ति पनि हुन्छ । जायज माग लिएर आउँदा हामी सुन्छौँ । सडकमा कसैले दुःख पाइरहनु पर्दैन । शिक्षकहरुले सडकमा बसिरहनु पर्दैन । हामी संवादबाट उहाँहरुका मागलाई यथोचित सम्बोधन गर्नेछौँ,' उनले थपे । प्रधानमन्त्री ओलीले नेपाल आफ्नो स्वाधीनता, स्वाभिमान र राष्ट्रिय हितको रक्षा गर्दै अन्तरराष्ट्रिय सम्बन्धबारे त्यसका केही दायित्वहरु निर्वाह गर्न लागेको बताए । उनले बङ्गालको खाडीको तातो हावालाई छेक्ने काम नेपालकै हिमालले गर्ने तथा समुद्रलाई धेरै तातो हुन नदिन र मरुभूमिकरणबाट यस भूभाग र बाँकी विश्वलाई जोगाउने काम हिमालले गरिरहेको उल्लेख गरे ।

'हाम्रो मुलुक भौगोलिक, प्राकृतिक र सांस्कृतिक रुपमा विविधतायुक्त छ । विविधताका बीचमा एकता आवश्यक छ । बिना एकता हामीले चाहेका उपलब्धि हासिल हुन सक्दैनन्,' प्रधानमन्त्री ओलीले भने, 'विविधता अभिशाप होइन, सम्पत्ति हुनुपर्छ । राष्ट्रिय र अन्तरराष्ट्रिय समस्या आउँदा नेपाल एकजुट भएर समाधान गर्न लाग्नुपर्छ ।' उनले आदर्श कमजोर र स्वार्थ हाबी हुँदै गएको विश्वमा राष्ट्रिय हितलाई ध्यान दिँदै विश्वकै सुरक्षा र मानवीय हितमा हामीले आफ्नो तर्फबाट योगदान दिन सक्नुपर्नेमा जोड दिए । भूराजनीतिका नाममा आफ्नो कमजोरी ढाक्ने काम गर्न नहुने उल्लेख गर्दै उनले भूराजनीतिक सचेतनाका साथ राष्ट्रिय हितलाई अगाडि बढाउन आवश्यक रहेको बताए । 'अन्तरराष्ट्रिय जवाफदेहीतासहितको न्यायोचित राष्ट्रिय हित र विचारलाई छोड्नु भन्ने होइन । कुनै छिमेकीसँग बढी मित्रता भन्ने खालको कोल्टिने राजनीति गर्नु हुँदैन । हामी कसैको सामरिक गठबन्धनमा लाग्दैनौँ । हामी शान्तिका पक्षमा छौँ,' उनले भने ।हिमालयन संवादको पहिलो शृङ्खलामा विभिन्न राजनीतिक दलका नेता र कूटनीतिक क्षेत्रका विज्ञहरुले नेपालको परराष्ट्र नीतिका विषयमा दुई सत्रमा छलफल गर्नुहुने फरियन अफेयर्स मिडियाका अध्यक्ष गोपाल खनालले जानकारी दिए ।रासस

# 'सगरमाथा संवाद विश्वव्यापी पहल हो'



**काठमाडौँ ।**
वन तथा वातावरण राज्यमन्त्री रुपा विकले नेपालले पहिलोपटक आयोजना गर्न लागेको सगरमाथा संवादको उद्देश्य विश्वव्यापी पहल भएको बताएकी छन् ।

इन्टरनेसनल रिलेसन एन्ड ग्लोबल डिप्लोमेसी डाइलग (आइआरजिडिडी) ले नेपाल सरकारसँगको सहकार्यमा सोमवार आयोजना गरेको प्रि–सगरमाथा संवाद कार्यक्रममा उनले सगरमाथा संवाद कार्बन कम उत्सर्जन गर्ने समुदायका मानिसलाई समेत लक्षित भएको उल्लेख गरिन ।

उनले भनिन्, 'नेपाल जलवायु परिवर्तनका कारणले गर्दा अत्यधिक जोखिमपूर्ण मुलुक हो, त्यसलाई लक्षित गरेर रोकथामका लागि सरकारले काम गरिरहेको छ ।' नेपाल सरकारले पहिलो पटक आगामी जेठ २ देखि ४ गतेसम्म सगरमाथा संवाद कार्यक्रम गर्न लागेको छ । कार्यक्रममा अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) का महानिर्देशक डा. पेमा ग्याम्त्सोले हिमाल यस क्षेत्रका जनताका लागि मात्र नभई विश्वका लागि प्राकृतिक सम्पदा र जीवनको आधार भएकाले अब प्रकृतिलाई फिर्ता दिने समय भएको बताए । उनले सगरमाथा संवाद हामीले प्रकृतिलाई के दिन सक्छौँ भन्ने विषयमा केन्द्रित हुनुपर्ने सुझाव दिँदै भने, 'सगरमाथा संवादमा हिमालय क्षेत्रको जलवायुका विषयका बारेमा जोड दिनुपर्छ ।'

पूर्वअर्थ सचिव मधु मरासिनीले सगरमाथा संवाद नेपालका लागि महत्वपूर्ण अन्तरराष्ट्रिय छलफल र बहसको थलो हुने उल्लेख गर्दै सङ्घमा छ प्रतिशत बजेट नै जलवायु परिवर्तनका लागि छुट्याइएको जानकारी दिए । 'सोह्रौँ योजनाको अन्त्यसम्म जलवायु परिवर्तनको क्षेत्रमा सङ्घको बजेटमा २० प्रतिशत पु¥याउने लक्ष्य रहेको छ,' उनले भने ।

जलवायुविद् डा. पपुलर जेन्टलले जलवायु परिवर्तनको क्षेत्रमा काम गर्दा अन्तरराष्ट्रिय मञ्चहरुमा नेपालका तर्फबाट संवाद गर्दा स्थायी टोली बताउनुपर्ने धारणा व्यक्त गरे । उनले यस क्षेत्रका सबै विज्ञहरुले जलवायु परिवर्तनले मुलुकमा पारेको असरबारे आफ्ना तर्फबाट बोल्नुपर्ने उल्लेख गर्दै यो युवाको 'एजेन्डा'समेत भएको बताए । आइआरजिडिडीका अध्यक्ष तथा पूर्वराजदूत शर्मिला पराजुली ढकालले हिमाल र मानवजातिबीच महत्वपूर्ण सम्बन्धको प्रि–सगरमाथा संवाद आयोजना गरिएको बताइन । उनले भनिन्, 'विश्वको जलवायु क्षेत्रको केन्द्रमा हिमालय सङ्कट बारेमा बहस हुनुपर्छ ।' साथै उनले सगरमाथा संवादको प्रि–शृंखलाको आगामी दिनमा विभिन्न छलफल र बहस चलाउने योजना रहेको बारेमा जानकारी दिइन् । संवादका दौरानमा भएको छलफलबाट आएका सुझावलाई सगरमाथा संवाद सचिवालयलाई हस्तान्तरण गरिने उनको भनाइ थियो ।

सगरमाथाको आरोहण गरिसक्नुभएका आरोही दावा टाँसी शेर्पाले बढी जनसख्याको कारण नभई हिमालय क्षेत्रमा आनन्ददायी जीवनयापन खोज्दा हिउँ पग्लिएको उल्लेख गरे । उनले भने, 'हिमाल जोगाउनका लागि सबैको पहल आवश्यक छ, स्थानीय समुदायका व्यक्तिहरुको पहलले मात्र हिमाल जोगाउन सकिँदैन ।'

उद्योग वाणिज्य महासङ्घ नेपालका पूर्वअध्यक्ष चण्डीराज ढकालले आइआरजिडिडीले गरेको प्रि–सगरमाथा संवादले नेपाल सरकारले गर्न लागेको सगरमाथा संवादलाई सघाउन मद्दत पुग्ने बताए ।

ग्रिन हाइड्रोजन ल्याबका टिम लिडर सहायक प्राध्यापक डा. विराजसिंह थापाले नेपालको वार्षिक अर्बौं रकम जीवाष्म इन्धनमा खर्च भइरहेको उल्लेख गर्दै आवश्यक नीतिको व्यवस्थापन गरी हाइड्रोजन र नवीकरणीय इन्धनको प्रयोगमा जोड दिनुपर्ने सुझाव दिए ।रासस

# लुम्बिनी प्रदेशमा चार सयभन्दा बढी सिँचाइ पूर्वाधार निर्माण

**लुम्बिनी ।**
लुम्बिनी प्रदेश सरकारले सिँचाइ पूर्वाधार विकासमा उल्लेखनीय प्रगति हासिल गरेको जनाएको छ । प्रदेश सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार प्रदेशमा हालसम्म ४ सय ३ वटा सिँचाइ बाँध तथा मुहान निर्माण सम्पन्न भइसकेका छन् ।

ती सिँचाइ आयोजनामा पक्की नहर तथा कुलो निर्माणतर्फ पनि उल्लेखनीय प्रगति देखिएको छ । हालसम्म ८ सय ३२ किलोमिटर पक्की नहर निर्माण सम्पन्न भएका छन् । लिफ्ट सिँचाइ प्रणालीअन्तर्गत १०७ वटा आयोजना सञ्चालनमा छन् । जसमा चालु आर्थिक वर्षमा दुईवटा नयाँ योजना थपिएका छन् । सिँचाइ पहुँच विस्तारका लागि स्यालो र डिप ट्युबवेल जडानमा समेत जोड दिइएको छ । अहिलेसम्म ७ सय ५९ वटा स्यालो ट्युबवेल र २३२ वटा डिप ट्युबवेल जडान भइसकेका छन् । पम्प हाउसको संख्या ३ सय ८६ पुगेको छभने सिँचाइ प्रयोजनका लागि ८२ वटा आयोजना विद्युतीकरण गरिएका छन् । पाइपलाइन विस्तार कार्यअन्तर्गत ७ सय ४७ किलोमिटर पाइपलाइन बिछ्याइएको मन्त्रालयले जनाएको छ ।

प्रदेशभर थप २१ हजार ५५ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पु¥याइएको छभने ७३ हजार ७६८ हेक्टर क्षेत्रमा सिँचाइ संरचनाको सुदृढीकरण गरिएको छ । नदी नियन्त्रणतर्फ २ सय ११ किलोमिटर तटबन्ध निर्माण भइसकेको छ, जसबाट दुई हजार ६ सय ३२ हेक्टर जमिन उकासिएको तथा १४ हजार १ सय १९ हेक्टर जमिन र १७ हजार ४ सय ९८ घरधुरी सुरक्षित गरिएको छ ।

५५ प्रतिशत भूभागमा सिँचाइ सुविधा विस्तार

लुम्बिनी प्रदेशमा ५५ प्रतिशत भू–भागमा सिँचाइ सुविधा विस्तार भएको प्रदेश सरकारले जनाएको छ । कुल सिँचाइयोग्य जमिनमध्ये ३३ प्रतिशत भू–भागमा मात्र बाह्रै महिना सिँचाइ सेवा उपलब्ध रहेको छ । प्रदेश सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले कृषिमा उत्पादन वृद्धि गर्दै आर्थिक, सामाजिक र वातावरणीय सन्तुलन कायम गर्ने दीर्घकालीन सोचअनुरूप सिँचाइ पूर्वाधार विस्तारलाई प्राथमिकता दिएको जनाएको छ । मन्त्रालयअन्तर्गत सिँचाइ पूर्वाधार निर्माण, जलस्रोतको संरक्षण तथा प्रकोप व्यवस्थापनसम्बन्धी विविध कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

प्रमुख योजनाहरूअन्तर्गत दाङ जिल्लाका लागि प्रगन्ना सिँचाइ योजना र कपिलवस्तुको बाणगङ्गा सिँचाइ योजना सञ्चालनमा छन् । यिनको व्यवस्थापन र मर्मतका लागि छुट्टाछुट्टै सिँचाइ व्यवस्थापन कार्यालय स्थापना गरिएको छ । प्रदेश सरकारले सिँचाइ पूर्वाधार सुदृढीकरणमार्फत कृषि उत्पादकत्व वृद्धि, खाद्य सुरक्षाको स्थायित्व र वातावरणीय दिगोपनाको लक्ष्य लिएको स्पष्ट पारेको छ ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सिँचाइमा उत्पन्न भएको पानीको सङ्कट समाधानका लागि वैकल्पिक उपायहरू अभ्यासमा ल्याउन सकिने बताए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय लुम्बिनी प्रदेशले सिँचाइ दिवस २०८१ को अवसरमा सोमबार गरेको कार्यक्रममा सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले पोखरी निर्माण गरी वर्षाको पानी सङ्कलन गरेर सिँचाइ तथा खानेपानी दुवैमा उपयोग गर्न सकिने योजना अघि बढाउँदा पानीको समस्या समाधान गर्न सकिने उल्लेख गरे ।

मुख्यमन्त्री आचार्यले पानीका स्रोतको संरक्षण र मितव्ययी प्रयोगमा ध्यान दिनुपर्ने उल्लेख गर्दै जमिनमुनि र सतह दुवै तहको पानीको स्रोत क्रमशः घट्दै गएकाले सिँचाइ आयोजनासमेत रुग्ण अवस्थामा पुगेकोप्रति चिन्ता व्यक्त गरे । कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री सीता शर्मा चौधरीले प्रदेश सरकारले सिँचाइ आयोजनातर्फ पर्याप्त बजेट विनियोजन गरी आयोजना निर्माणका कामलाई अगाडि बढाएको बताए ।

# धरानवासीलाई खानेपानी प्रबन्ध प्रक्रियामा

**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले धरानवासीलाई खानेपानी उपलब्ध गराउने प्रक्रिया अघि बढेको बताएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा सोमबार सुनसरीको धरान उपमहानरपालिकाका प्रमुख हर्कराज राईसहितको प्रतिनिधिमण्डलसँगको भेटमा प्रधानमन्त्री ओलीले सो जानकारी गराएका हुन । 'धरानवासीले खानेपानी पिउन पाउनुपर्छ । यो प्रक्रिया आजैबाट अघि बढ्यो । यसका लागि सङ्घीय सरकारले बजेटको प्रबन्धलगायत अन्य विषयमा आवश्यक सहजीकरण गर्नेछ । यो सन्देश धरानवासीलाई सुनाइदिनुहोला,' प्रधानमन्त्री ओलीले भने ।

खानेपानी आयोजनाका लागि विस्तृत परियोजना प्रतिवेदन सङ्घीय सरकारबाट यसअघि तयार भइसकेको छ । नगर प्रमुख राईले स्रोत सुनिश्चितताका लागि यसअघि अर्थ मन्त्रालयलाई आग्रह गरेको जानकारी गराएका थिए । प्रधानमन्त्री ओलीले धरानको फोहर व्यवस्थापनका लागि परम्परागत नभई आधुनिक प्रविधियुक्त 'ल्याण्डफिल्डसाइट' बनाउनुपर्नेमा जोड दिएका थिए ।

# शुक्लाफाँटा निकुञ्जमा वन्यजन्तु उद्धार केन्द्र निर्माण अन्तिम चरणमा

**कञ्चनपुर ।**
शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको पूर्वी क्षेत्र अर्जुनीमा बाघ–चितुवा लगायतका जनावरलाई उद्धार गरी राख्नका लागि वन्यजन्तु उद्धार केन्द्र निर्माण अन्तिम चरणमा पुगेको छ ।राष्ट्रिय प्रकृति संरक्षण कोषको रु एक करोड बढीको लगानीमा दुई उद्धार केन्द्र निर्माण भइरहेका छन् । केन्द्रका लागि पूर्वाधार निर्माण अन्तिम चरणमा पुगेको कोषका कञ्चनपुर कार्यालय प्रमुख लक्ष्मीराज जोशीले बताए ।

'खानेपानी, विद्युत्, सिसिटिभी जडानको कार्य हुन बाँकी छ,' उनले भने, 'केन्द्रको चारैतिर सडक (पहुँच मार्ग) निर्माण भइरहेको छ,भने घेरबार राख्ने कार्य हुन बाँकी रहेको छ ।' केन्द्रको भौतिक पूर्वाधार निर्माणको पूरा हुनै लागेपनि अन्य कार्यका लागि दातृ निकायको खोजी गरी रहेको उनले उल्लेख गरे । 'बाघ–चितुवा लगायतका जनावरलाई निकुञ्जको मध्यवर्ती क्षेत्रबाट उद्धार गरेर ल्याएपछि खुवाउने आहाराको व्यवस्थाका लागि पनि आवश्यक बजेटको जोहो मिलाउने कार्य हुन बाँकी छ,' कार्यालय प्रमुख जोशीले भने, 'त्यसको प्रबन्धका लागि कार्य अगाडि बढाउनु छ ।'

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम बाग्लेले केन्द्र निर्माणका लागि निकुञ्ज कार्यालयले प्राविधिक सहयोग र निर्माणका लागि जग्गा व्यवस्थापनसँगै अनुमति दिने कार्य गरेको बताए । 'पूर्वाधार निर्माणको सम्पूर्णकार्य एनटिएनसीले गरेको छ,' उनले भने, 'एक–दुई महिनाभित्रै केन्द्र पूर्णरुपमा निर्माण भइसक्छ ।'

मध्यवर्ती क्षेत्रबाट उद्धार गरी ल्याउने बाघ–चितुवा लगायतका अन्य जनावरको केन्द्रमा राखेर स्वास्थ्य परीक्षणको कार्यसँगै उपचार गरेपछि सुरक्षित स्थानमा छाडिने उनले बताए । नरभक्षी भएका बाघ–चितुवालाई उद्धार गरेर ल्याएपछि आनीबानीमा सुधार नहुँदासम्म केन्द्रमा राखिने र त्यसपछि सुरक्षित स्थानमा छाडिने उनको भनाइ छ । उनका अनुसार अलपत्र अवस्थामा फेला परेका, अशक्त, घाइते र समस्याग्रस्त जीवजन्तुको उद्धार गरी केन्द्रमा राखेर पालनपोषणको कार्य गरी बासस्थानमा पुनःस्थापन गर्न सघाउ पुग्ने उने बताए ।

आधुनिक शैलीमा जीवजन्तुलाई राख्नका लागि निर्माण भइरहेको केन्द्र सुदूरपश्चिम क्षेत्रमा पहिलो रहेको छ । भने चितुवा लगायतका जनावरलाई उद्धार गरी राख्नका लागि डडेल्धुरामा एनटिएनसीले खोर यस अघिनै निर्माण गरी सञ्चालनमा ल्याएको थियो ।

निकुञ्जमा बाघ–चितुवालगायतका जनावरको सङ्ख्यामा वृद्धि भएपछि मध्यवर्ती क्षेत्रका बासिन्दाको खेतबारीमा देखिन थालेका छन् । गत साता बेलौरी नगरपालिकामा र साउन महिनामा दोधारा चाँदनी नगरपालिका क्षेत्रबाट निकुञ्ज कार्यालयले दुई वटा बाघको सकुशल उद्धार गरी सुरक्षित स्थानमा छाडेको छ ।

प्रत्येक महिना निकुञ्जको मध्यवर्ती क्षेत्रका बस्तीमा चितुवा देखिने गरेको छ । निकुञ्ज र कोषको टोलीले उद्धार गरी सुरक्षित स्थानमा छाडने कार्य गर्दै आएका छन् । उद्धार केन्द्र नहुँदा निकुञ्जलाई उद्धार गरिएका जनावर राख्नका लागि समस्या हुदै आएको थियो ।

केन्द्र निर्माणको कार्यले जीवजन्तुको उद्धार गरी राख्नका लागि सहज हुने भएको छ । यस कार्यले उद्धार गरिएका जीवजन्तुलाई पुरानै बासस्थानमा पुनः स्थापन गराउन पनि सहयोग पुग्ने भएको छ । उद्धार गरी केन्द्रमा राखिएका स्वस्थ्य वन्यजन्तुलाई शैक्षिक प्रयोजनका लागि अध्ययन अनुसन्धान गर्न सकिने बताइएको छ ।रासस

# 'नेपाल–भारत सम्बन्ध सुदृढ बनाउन चन्द्रशेखरको भूमिका महत्त्वपूर्ण'

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवम् शहरी विकासमन्त्री प्रकाशमान सिंहले नेपाल–भारतबीच सम्बन्ध सुदृढ बनाउनमा भारतका पूर्वप्रधानमन्त्री चन्द्रशेखरको भूमिका महत्वपूर्ण रहेको स्मरण रहेका छन् । गणेशमान सिंह फाउन्डेसनले गरेको नेपाल–भारत सम्बन्ध सुदृढ गर्न भारतका पूर्वप्रधानमन्त्री चन्द्रशेखरले पु¥याउनुभएको योगदान विषयक अन्तरक्रियामा उनले चन्द्रशेखरको भूमिकाको प्रशंसा गरे ।

'चन्द्रशेखर र गणेशमानबीच निकै घनिष्ठ सम्बन्ध थियो । उहाँहरूले नेताको रूपमा राजनीतिक परिवर्तनमा खेल्नुभएको भूमिका महत्त्वपूर्ण छ,' उनले भने, '२०४६ सालको जनआन्दोलनलाई सफल बनाउन चन्द्रशेखरज्यूले खेल्नुभएको भूमिका स्मरणीय छ ।' उनले चन्द्रशेखरको प्रेरणाले नेपाल–भारतको सम्बन्ध झन् बलियो बनाएको बताए ।

नेपाली कांग्रेसका नेता डा. प्रकाशशरण महतले पनि नेपालमा २०४६ मा भएको जनआन्दोलनलाई सफल बनाउनमा चन्द्रशेखरको भूमिकाको स्मरण गरे । 'भारतमा प्रधानमन्त्री हुँदा नेपाललाई निकै सहयोग गर्नुभयो उहाँले । बिपी कोइरालासँगको सम्बन्ध पनि राम्रो थियो,' उनले भने, '२०४६ सालको आन्दोलनमा उहाँ नेपालमै आएर गणेशमान सिंहको घरमा भाषण गरेर महत्त्वपूर्ण योगदान गर्नुभएको थियो ।'

# शैक्षिक सत्र शुरू हुनै लाग्दा गोदाममै पाठ्यपुस्तक

**सुर्खेत ।**
कर्णाली प्रदेशका दश जिल्लाका विद्यालयमा शैक्षिक सत्र शुरू हुनु अगावै पाठ्यपुस्तक पुग्ने सम्भावना घटेको छ । विक्रेताले जनक शिक्षा सामग्री केन्द्रको प्रदेश कार्यालयबाट किताव समयमै खरिद नगर्दा भर्ना अभियानसँगै विद्यार्थीको हातमा किताव पुग्ने सम्भावना घटेको हो ।

कुल २५ हजार सेट किताबमध्ये प्रदेशको गोदाममा १७ हजार किताब थन्किएका छन् । जनक शिक्षाले समयमै किताब छापेर गोदाममा स्टोर गरेपनि किताब लिन बिक्रेता नआउँदा गोदाममै थन्किएको हो ।

निजी क्षेत्रले पुरानो स्टक देखाउँदै कमिसन बढी दिएर किताब बिक्री गर्दा जनक शिक्षामा किताब खरिद गर्न विक्रेता कम आएको आरोप लगाएको छ ।

सरकारले कक्षा १ र ५ जनक शिक्षालाई छाप्न लगाएको थियो । सोही किताब निजी क्षेत्रले पनि छापेर कमिसन दिइ बिक्री गरेको जनक शिक्षाको आरोप छ ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड कर्णाली प्रदेश कार्यालयमा पाठ्यपुस्तक बिक्री शुरू भएपनि गोदाममै थन्क्याउनु परेको केन्द्रले जनाएको छ । जिल्लास्थित पुस्तक बिक्रेताले पुस्तक खरिद गर्न नआएका कारण लिमिडेटको गोदाममा पुस्तक थन्किएको प्रदेश प्रमुख भैरवबाबु पन्तले बताए । उनका अनुसार हालसम्म ६६ प्रतिशत पनि पुस्तक बिक्री भएको छैन ।

स्थानीय तहले बिक्रेतालाई रकम दिएर पुस्तक ढुवानी गर्ने गरेको छ । डोल्पामा फागुनमा शैक्षिकसत्र शुरू हुनेगर्दछ । त्यहाँ हालसम्म किताब पुग्न सकेको छैन ।

जनक शिक्षाले पुस्तक विक्रेतालाई जिल्लाअनुसारको कमिसन उपलब्ध गराउँदै आएको छ । मुगु, कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, सुर्खेत र हुम्लाले सुर्खेतबाट पुस्तक खरिद गर्दै आएका छन् ।



**भलिबल प्रतियोगिता:** बागलुङ नगरपालिका–१ मा चैते दशैँको अवसरमा आयोजित खुला पालिकास्तरीय कालिका कप पुरुष भलिबल प्रतियोगिताको उपाधिका लागि प्रतिस्पर्धा गर्दै जैमिनी नगरपालिका र गलकोट नगरपालिकाका खेलाडी । तस्बिरः खेमराज गौतम/रासस

# लालीगुराँस पदमार्गमा समावेश गर्न आग्रह

**ताप्लेजुङ ।**
ताप्लेजुङको मेरिङदेन, मैवाखोला र मिक्वाखोला गाउँपालिकाले पदमार्गमा आधारित पर्यटन विकास परियोजनामा आफ्ना पालिकालाई समावेश गर्न आग्रह गरेका छन्  नेपाल सरकार र स्वीस सरकारको दुईपक्षीय सहमतिअनुसार कोशी प्रदेशमा आधारित पर्यटन विकास परियोजना (टिटिडिपी) चालु आर्थिक वर्षदेखि सञ्चालनमा रहेको छ । उक्त परियोजना अन्तरगत चारवटा पदमार्गमध्ये लालीगुराँस पदमार्ग (तुम्लिङटार– खाँदवारी– नुम– गुफापोखरी– वसन्तपुर– जलजले– तिनजुरे– मिल्के) चैनपुर नगरपालिका, चिचला गाउँपालिका, धर्मदेवी नगरपालिका, खाँदबारी नगरपालिका, मादी नगरपालिका, मकालु गाउँपालिका, पाँचखपन नगरपालिका, सभापोखरी गाउँपालिका, सिलिचोङ गाउँपालिका, लालीगुराँस नगरपालिका, म्याङलुङ नगरपालिका, फेदाप गाउँपालिका (१६०) किलोमिटरले ताप्लेजुङका तीन वटा स्थानीय तह मैवाखोला, मेरिङदेन र मिक्वाखोला गाउँपालिकालाई समेत समेट्ने भए पनि परियोजनामा समावेश नगरिएकोप्रति तीनवटै पालिकाले दुःख व्यक्त गरेका छन् । साथै, पर्यटन प्रवद्र्धनमा प्रत्यक्ष सरोकार राख्ने यी पालिकालाई लागत साझेदारी तथा रोयल्टी बाँडफाँडमा पनि समावेश गरिनुपर्ने माग गर्दै परियोजनालाई हालको पदमार्गबाट जलजले– तिनपोखरी– साधुपोखरी– तोक्पेगोला हुँदै ओलाङचुङगोलासम्म कायम गर्न प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय समक्ष अनुरोध गरिएको छ । त्यस्तै, प्रदेश सरकारले तयार पारेको दोस्रो आवधिक विकास योजनामा ताप्लेजुङ जिल्लालाई कुनै पनि रुपान्तरणकारी कार्यक्रममा समावेश नगरिएकोप्रति कोशी प्रदेश सरकारकोसमेत ध्यानाकर्षण गराइएको छ । यस्तै प्राकृतिक विपद् व्यवस्थापनका लागि तीनवटै पालिकाबीच सहकार्य गर्ने, जैविक विविधतामा असर पार्ने गरी गैरकानुनी रूपमा खोलामा विद्युतीय करेन्ट प्रयोग गरी माछा मार्नेकार्य नियन्त्रण गर्नेसमेत आइतबारको संयुक्त बैठकले निर्णय गरेको मेरिङदेन गाउँपालिका अध्यक्ष युकहाङवीर हाँगाम (डम्बर)ले जानकारी दिए । त्यस्तै, फरक मतमा रहेका सिन्धोलुङ, झरना र मेरिङदेन झरनाको विषयमा यथार्थ सीमा निर्धारण गर्न मेरिङदेन र मैवाखोला गाउँपालिकाको संयुक्त विज्ञ टोली गठन गरी आवश्यक प्रमाणसहित अध्ययन गर्ने निर्णय लिइएको छ । संयुक्त प्रेस विज्ञप्तिमा मिक्वाखोला गाउँपालिकाका अध्यक्ष भक्तबहादुर कार्की, मैवाखोला गाउँपालिकाका अध्यक्ष विजयप्रकाश वनेम र मेरिङदेन गाउँपालिकाका अध्यक्ष युकहाङवीर हाँगाम (डम्बर) ले हस्ताक्षर गरेका छन । रासस

# चुम्चेत लघुजलविद्युत् आयोजना मर्मत

**गोरखा ।**
उत्तरी गोरखाको चुम्चेत, चुम्लिङ, सिप्चेतलगायतका हिमाली गाउँ विद्युत् मर्मत भएपछि पुनः झलमल्ल बनेको छ । गाउँको लघुजलविद्युत् आयोजना पहिरोले बगाएपछि चुमनुब्री गाउँपालिका–६ को चुम्चेत, चुम्लिङ, सिप्चेत, खारोङ, ताज्यू, डुम्जे, रेञ्जम, घो, यार्चो र खारगुम्बा बस्तीका करिब २०५ घरधुरीका बासिन्दा गत भदौदेखि दाउराको उज्यालोका भरमा जीवन गुजार्न बाध्य थिए ।

गाउँमा बिजुली नहुँदा गाउँले अन्धकारमा बस्न बाध्य भएको स्थानीय लोप्साङ धार्के लामाले बताए । ‘गत साउन १२ गतेको पहिरोले चुम्लिङ, चुम्चेत लघुजलविद्युत् आयोजना बगायो । त्यतिबेला गाउँले मिलेर जलविद्युत् मर्मत गरी अस्थायी रुपमा बिजुली बालेका थियौँ । पछि फेरि भदौमा आएको पहिरोले जलविद्युत् बगायो,’ उनले भने, ‘भदौयता बीचबीचमा अस्थायी रुपमा बिजुली आए पनि नियमित थिएन । हाल मर्मत सम्पन्न भई नियमित रुपमा बिजुली बलेको एक हप्ता भयो ।’

विद्युत् नहुँदा बत्तीमात्र होइन, दैनिक छाक टार्ने अन्न कुटानी पिसानीसमेत गर्न नपाइएको चुमनुब्री –६ चुम्चेतका वडाअध्यक्ष सरोज लामाको भनाइ छ । अहिले बिजुली बलेपछि गाउँलेलाई तोरी, मकै, गहुँलगायत खाद्यन्न कुटानीपिसानी गर्न सहज भएको छ ।

‘यता खासै रुख पाइँदैनन् । गाउँमा बिजुली नहुँदा दाउरा बालेर बस्नुपर्ने बाध्यता थियो । अलिअलि भएका रुख पनि फँडानी गरिएको थियो,’ उनले भने । गाउँमा केन्द्रीय प्रशारणको बिजुलीबत्तीको पहुँच पुगेको छैन । गाउँलेले विसं २०७९ जेठ १५ गते निर्माण सम्पन्न भएको ७५ किलोवाटको चुम्चेत, चुम्लिङ जलविद्युत् आयोजनाको बत्ती बाल्ने गरेका थिए । गत भदौमा चुम्चेत खोला (ताम्जाखोला) मा उत्पादित सो लघुजलविद्युत् आयोजनाको मुहान, कुलो र ट्याङ्की सबै बगाएको सो आयोजनाका अध्यक्ष गोपाल लामा बताउछन ।

कादुरी एग्रिकल्चरल एड एशोसिएशन ब्रिटिस गोर्खाले निर्माण सम्पन्न गरेको सो आयोजना भत्किएपछि चुमनुब्री–६ अन्तरगतका गाउँ अन्धकार बनेका थिए । पहिरोले झन्डै एक करोड रुपैयाँको क्षति पु¥याएको लामाको भनाइ छ ।

‘साउनको पहिरोले खासै क्षति पु¥याएको थिएन, त्यतिबेला सामान्य मर्मत गरेर बिजुली बालेका थियौँ,’ उनले भने, ‘भदौको पहिरोले आयोजना जगैदेखि बगाएर लग्यो । त्यसपछि पूर्णरुपमा मर्मत सम्पन्न गरेर बिजुली वितरण गरेको झन्डै एक हप्ता भयो ।’ लामाका अनुसार आयोजनाले भदौयता बीचबीचमा अस्थायी रुपमा बिजुली बालेको थियो ।कादुरी संस्था आफैले मर्मत गरेर गाउँलाई पुनः झिलिमिली बनाएको अध्यक्ष लामाको भनाइ छ ।

# गुट्खाजन्य पदार्थको बिक्रीवितरणमा रोक घोषणामै सीमित

**रुपन्देही ।**
विसं २०७९ चैत १ गतेदेखि रुपन्देहीको तिलोत्तमा नगरपालिकाले गुट्खाजन्य पदार्थको बिक्रीवितरणमा रोक लगायो । नगरपालिकाले एक समारोहबीच गुट्खाजन्य पदार्थ निषेध क्षेत्र भनेर घोषणा नै गरिसकेको छ ।

नगरपालिकाले गुट्खाजन्य पदार्थ बिक्रीवितरण नियन्त्रण गर्नेसम्बन्धी कार्यविधि, २०७९ भनी कार्यविधि पनि बनायो । सो कार्यविधिमा गुट्खाजन्य पदार्थको प्रयोगले मानव स्वास्थ्य र सहरी सौन्दर्यमा समेत गम्भीर असर पर्ने देखिएको उल्लेख गरिएको छ ।



गुट्खाजन्य पदार्थको बिक्रीवितरण कार्यको अनुगमनका लागि सो कार्यविधिको दफा ६ को उपदफा १ मा नगरस्तरीय अनुगमन समितिमा नगर उपप्रमुख संयोजक रहने गरी आर्थिक विकास समिति संयोजक, वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक, राजस्व शाखा संयोजक, नेपाल प्रहरीका स्थानीय प्रमुख, उद्योग वाणिज्य सङ्घका प्रतिनिधि, चेम्बर अफ कमर्सका प्रतिनिधि, उद्योग व्यापार सङ्गठनका प्रतिनिधि र नगर प्रहरी इन्चार्ज सदस्य रहेको अनुगमन समिति रहने भनी उल्लेख छ ।

यसैगरी, दफा ७ को उपदफा १ मा टोलस्तरीय अनुगमन समिति वडाध्यक्ष संयोजक रहने गरी वडाध्यक्षले तोकेको वडा सदस्यमध्येबाट एक वडा सदस्य, टोल विकास सञ्जालका अध्यक्ष, वडा बाल सञ्जाल प्रतिनिधि, क्लब, सङ्घसंस्था, आमा समूहमध्येबाट तीन, स्वास्थ्य संस्थाबाट दुईजना, नेपाल प्रहरीका स्थानीय प्रमुख प्रतिनिधि र वडा सचिव रहने भनी उल्लेख गरिएको छ ।

सो कार्यविधिको दफा ४ को उपदफा १ मा जरिवानासमेत तोकिएको छ । पहिलो पटक गुट्खाजन्य पदार्थको बिक्रीवितरण गरेको भेटिएमा थोक बिक्रेताका लागि १० हजार रुपैयाँ र अन्य व्यवसायीका लागि एक हजार ५ सय रुपैयाँ जरिवाना तोकिएको छ । त्यस्तै दोस्रो पटक थोक बिक्रेताका लागि २० हजार रुपैयाँ र अन्य व्यवसायीका लागि दुई हजार रकम जरिवाना तोकिएको छभने तेस्रो पटक पनि भेटिएमा थोक बिक्रेताका लागि ५० हजार रुपैयाँ र अन्य व्यवसायीका लागि पाँच हजार रकम जरिवाना तोकिएको सो कार्यविधिमा उल्लेख छ ।

पछिल्लो समय नगरपालिकामा गुट्खाजन्य पदार्थको बिक्रीवितरण खुल्ला रुपमा हुँदै आएको स्थानीय बताउँछन् । सो बिक्रीवितरण गर्नेलाई जरिवाना पनि कार्यविधिमा मात्र सीमित भएको उनीहरूको गुनासो छ । जरिवानाभन्दा पनि सचेत गराउने कार्यले व्यवसायीमा अटेरिपन रहेको छ । शरीरलाई दीर्घकालीन रुपमा असर गर्ने यस्ता चीज विशेषगरी किराना पसलमा लुकाएर राखेको अवस्थामा प्रशस्तै भेटिन्छन् ।

तिलोत्तमा–१ शिवचोक टोल विकास संस्थाका अध्यक्ष तुलसी न्यौपानेले अन्य पालिकामा सजिलै पाइने भएकाले गुट्खा खाने, जथाभावी फाल्ने र जथाभावी थुक्ने क्रममा कमी आउन नसकेको उनले बताए । टोल विकास अध्यक्ष न्यौपानेले सफा र स्वच्छ तिलोत्तमा गुट्खाको प्रयोग तथा जथाभावी थुक्दा त्यसको औचित्यमाथि प्रश्न उठेको र यसले सबैलाई लज्जित बनाएको बताए ।

कार्यविधिको दफा ७ को उपदफा १ मा टोलस्तरीय अनुगमन समितिमा वडाध्यक्ष संयोजक रहनेगरी व्यवस्था गरेको छ । वडा नं १ का वार्ड सञ्जाल अध्यक्ष डिल्लीराम कँडेलले भव्य कार्यक्रमबीच घोषणा गरे पनि अनुगमनमा एक पटक पनि सहभागी नगराएको गुनासो गरे ।

नगरले घोषणा गरे पनि बिक्रीवितरण र सेवनमा कमी नआएको वडा नं १ का वडाध्यक्ष फर्सुराम गिरीको भनाइ छ । घोषणाताका अनुगमन अलि भए पनि पछिल्ला दिनमा भने अनुगमन एकदमै पातलो रुपमा भएको वडाध्यक्ष गिरी स्वीकार्नु हुन्छ । गिरीले पछिल्लो समय वडा नं १ को ड्राइभर टोल बजार क्षेत्र र हाटबजार क्षेत्रमा अनुगमन गर्दा सो पदार्थ नगण्य रुपमा बिक्रीवितरण गरेको भेटिएको बताए ।

यसैगरी, वडा नं १७ का वडाध्यक्ष दानबहादुर चौधरीले विभिन्न क्षेत्रका व्यक्तिको व्यस्ततालाई बुझ्दै अनुगमन पातलो गरिएको बताए । उन भने, “अनुगमन गर्ने टोलीमा बाल सञ्जालका विद्यार्थी पनि राख्नुपर्ने हुनाले भनेजस्तो छिटो अनुगमन गर्न सकिएको छैन् ।” सो क्रममा व्यवसायीलाई कारबाही नगरी सचेत मात्र गराएर छाडिएको अध्यक्ष चौधरी बताउछन ।

विसं २०८० वैशाख २ गतेदेखि हालसम्म गुट्खाजन्य पदार्थको बिक्रीवितरण नियन्त्रणमा हालसम्म नगरका १३ भन्दा बढी पसललाई सचेत गराई जफत गरिएको नगर प्रहरीका इन्चार्ज नरप्रसाद श्रेष्ठले बताए । उनले हालसम्म ४१ पसललाई जरिवानासहित जफत गरिएको बताए । हालसम्म गुट्खाजन्य पदार्थ जरिवानाबाट ८६ हजार ५०० रुपैयाँ राजस्व सङ्कलन भएको र त्यसैगरी, गुट्खाजन्य पदार्थ २ सय १ पोका तथा एक हजार ३ सय ५६ जफत गरिएको प्रहरी इन्चार्ज श्रेष्ठले जानकारी दिए ।

पछिल्लो समय नगरपालिकामा नगर प्रहरी थपिएसँगै गुट्खाजन्य पदार्थ बिक्रीवितरणमा नियन्त्रण गर्न निरन्तर खटिने र अझ प्रभावकारी रुपमा अनुगमन गरिने नगर प्रहरी इन्चार्ज श्रेष्ठको भनाइ छ । नगरपालिकाले गुट्खाजन्य पदार्थको बिक्रीवितरणमा रोक लगाए पनि नगरभित्र बेचबिखनमा कमी आउन नसकेको नगरप्रमुख रामकृष्ण खाँण स्वीकारे ।

नगर प्रमुख खाँण भन्छन, ‘यसलाई पूर्ण रूपमा रोक्नका लागि टोल विकास समितिकै व्यक्तिलाई र विद्यार्थीलाई रसिद काट्न लगाउँछौँ, यसो गर्दा यो अवस्थामा धेरै सुधार आउने छ ।’ पछिल्लो समय नगरपालिकामा १५ जना नगर प्रहरी थप गरिएसँगै २१ जना नगर प्रहरी भएको र अब भने अनुगमनमा कडाइ गर्ने नगरपालिकाले जनाएको छ ।

# दक्षिणपूर्वी एसिया अमेरिकी करविरुद्ध ‘दृढ रहनुपर्छ’



**मलेसिया ।**
मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले सोमबार दक्षिणपूर्वी एसियाली देशहरूलाई अमेरिकी करबाट सबैभन्दा बढी प्रभावित भएपछि ‘दृढ भएर उभिन’ आह्वान गरेका छन ।

गत हप्ता राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा मित्र र शत्रुहरू विरुद्ध लगाइएको व्यापक भन्सार शुल्कले सेयर बजार र विश्वभरका सरकारहरूलाई चिन्तित बनाएको छ ।

‘हामी ६४ करोड जनसंख्या र विश्वको शीर्ष आर्थिक शक्ति भएको आसियानका रूपमा दृढ भएर उभिनुपर्छ,’ प्रधानमन्त्री विभागको कर्मचारी बैठकमा अनवरले भने ।

दक्षिण पूर्व एसियाली आर्थिक मन्त्रीहरूले बिहीबार भन्सार महसुलबारे छलफल गर्न एक बैठक आयोजना गर्दैछन् ।

अनवरले भने, ‘मेरो सरकारको काम आसियानमा हाम्रा साथीहरूसँग सम्पर्क गर्नु थियो ताकि प्रत्येक देशले आफ्नो स्थिति बताउन सकून्, तर एकै समयमा, हामी एक समूहको रूपमा सँगै जान्छौँ ।’

मलेसिया यस वर्ष १० सदस्यीय दक्षिण पूर्व एसियाली राष्ट्रहरूको सङ्घ (आसियान) को अध्यक्षताको पालोमा रहेको छ ।

विनिर्माण शक्ति भियतनाममाथि अमेरिकामा निर्यात गर्ने वस्तुहरूमा ४६ प्रतिशत भन्सार महसुल लगाइएको छ भने ठूला पश्चिमी ब्रान्डहरूका लागि कम लागतको कपडाको प्रमुख उत्पादक छिमेकी कम्बोडियामाथि ४९ प्रतिशत भन्सार शुल्क लगाइएको छ ।

दक्षिण पूर्व एसियाको तेस्रो ठूलो अर्थतन्त्र मलेसियामाथि २४ प्रतिशतको कम भन्सार महसुल लगाइएको छ ।

अन्य आसियान सदस्यहरू जस्तै क्वालालम्पुरले अमेरिकी सामानहरूमा ४७ प्रतिशत भन्सार महसुल लगाउँछ भन्ने वासिङ्टनको दाबीलाई खण्डन गरे पनि संयुक्त राज्य अमेरिका विरुद्ध प्रतिकारात्मक कारबाही नगर्ने बताएको छ ।

‘म सोच्छु कि दुई गलतले एउटा सही बनाउँदैनन्,’ मलेसियाका व्यापारमन्त्री तेङ्कु जाफरुल अजिजले एक पत्रकार सम्मेलनमा भने, ‘शान्त रहनु महत्त्वपूर्ण छ, किनभने व्यापार युद्धमा परिणत हुने कुनै पनि कुरा विश्व अर्थतन्त्रको हितमा छैन ।’ एएफपी

# अमेरिकामा दादुराबाट अर्को बच्चाको मृत्यु

**अमेरिका ।**
अमेरिकाको दक्षिण–पश्चिमी क्षेत्रमा दादुराको प्रकोपले अर्को बच्चाको ज्यान लिएको छ । अधिकारीहरूले आइतबार अत्यधिक सङ्क्रामक दादुरा रोग फैलिँदै गर्दा अहिलेसम्म करिब छ सय ५० जना सङ्क्रमित भएको बताएका छन् ।

‘भर्खरै दादुरा भएको पत्ता लागेको एक विद्यालय उमेरका बच्चाको निधन भएको खबर सुनेर हामी निकै दुःखी छौँ,’ टेक्सासको मेडिकल सेन्टर, युएमसी हेल्थ सिस्टमका उपाध्यक्ष आरोन डेभिसले भने ।

बच्चाले अस्पतालमा ‘दादुरा जटिलताहरू’ को लागि उपचार प्राप्त गरिरहेको भन्दै उनले बच्चालाई ‘दादुरा विरुद्धको खोप लगाइएको थिएन र कुनै अन्तर्निहित स्वास्थ्य समस्या थिएन’ भने ।

अमेरिकाले वर्षौंको सबैभन्दा खराब दादुरा प्रकोपसँग जुझिरहेको बेला राष्ट्रपति डोनाल्ड ट्रम्पका स्वास्थ्यमन्त्री रोबर्ट एफ केनेडी जुनियरले खोपको महत्त्वलाई कम आँक्ने आफ्नो विगतको बयानबाजीले स्वास्थ्य विज्ञहरूलाई चिन्तित बनाएको छ ।

तथापि केनेडीले आइतबार एक्समा ‘दादुरा फैलन रोक्ने सबैभन्दा प्रभावकारी तरिका एमएमआर खोप हो’ भनेर लेख्नुभएको छ । उनले आफ्नो स्वास्थ्य तथा मानव सेवा (एचएचएस) विभाग र रोग नियन्त्रण तथा रोकथाम केन्द्रहरू (सिडिसी) ले टेक्सासमा खोप वितरणलाई सहयोग गरिरहेको बताए ।

बच्चाको परिवारलाई सान्त्वना दिन टेक्सास गएको बताउनुहुने केनेडीले आइतबारसम्म ‘२२ राज्यमा दादुराका छ सय ४२ पुष्टि भएका मामिलाहरू र तीमध्ये चार सय ९९ टेक्सासमा’ रहेको पनि उल्लेख गरे ।

एयर फोर्स वानमा पत्रकारहरूको प्रश्नको जवाफमा ट्रम्पले प्रकोपलाई ‘अहिलेसम्म हामीले कुरा गरिरहेको कुराको तुलनामा सापेक्षिक रूपमा सानो सङ्ख्या’ भनेर कम आँकेको देखिन्थ्यो ।

तर उहाँले थप विवरण नदिई यदि यो ‘बढ्दै गयो भने हामीले धेरै कडा कारबाही गर्नुपर्नेछ’ भने ।

**खोपको महत्त्व**


सिडिसीले अलास्कादेखि फ्लोरिडासम्मका साथै न्युयोर्क सहरमा फैलिएका मामिलाहरू रेकर्ड गरेको छ । टेक्सासले फेब्रुअरीको अन्त्यमा पहिलो पटक दादुराबाट बच्चाको मृत्यु भएको रिपोर्ट गरेको थियो । लगभग एक दशकमा यस रोगबाट पहिलो अमेरिकीको मृत्यु भएको थियो । गत महिना न्यु मेक्सिकोका एक वयस्कको मृत्युलाई पनि सिडिसीले दादुरासँग सम्बन्धित मृत्युका रूपमा वर्गीकृत गरेको थियो ।

सिडिसीले अप्रिल ३ मा भनेअनुसार सिडिसीले गणना गरेका दादुराका अधिकांश मामिलाहरू (९७ प्रतिशत) दादुराविरुद्ध खोप नलगाएका बिरामीहरू हुन् ।तीमध्ये एक सय ९६ जना पाँच वर्ष मुनिका, दुई सय ४० जना ५–१९ वर्षका र थप एक सय ५९ जना २० वर्ष वा सोभन्दा बढी उमेरका थिए भने अन्य केही अज्ञात उमेरका थिए । ‘प्रकोप’ लाई तीन वा बढी सम्बन्धित मामिलाका रूपमा परिभाषित गर्ने सिडिसीले सन् २०२५ मा अहिलेसम्म छ वटा प्रकोप रेकर्ड गरेको छ । पुष्टि भएका मामिलामध्ये करिब ९३ प्रतिशत ती प्रकोपहरूसँग सम्बन्धित छन् ।

‘तुलनात्मक रूपमा सन् २०२४ मा १६ प्रकोप रिपोर्ट गरिएको थियो र ६९ प्रतिशत घटनाहरू (दुई सय ८५ मध्ये एक सय ९८) प्रकोपसँग सम्बन्धित थिए,’ यसले आफ्नो वेबसाइटमा भन्यो ।

‘यो दुर्भाग्यपूर्ण घटनाले खोपको महत्त्वलाई जोड दिन्छ,’ टेक्सासको युएमसी हेल्थ सिस्टमका डेभिसले पछिल्लो मृत्युको बारेमा इमेलमा भन्नुभयो, ‘हामी सबै व्यक्तिलाई आफ्नो र व्यापक समुदायको रक्षा गर्न आफ्नो खोपहरूसँग अद्यावधिक रहन प्रोत्साहित गर्दछौँ ।’
एएफपी

# आँटेको पुऱ्याइदेउ बागलुङ कालिका...



**गण्डकी ।**
जब चैतेदशैँ आउँछ अनि सम्झिइन्छ, उही पुरानो गीत 'आँटेको पुऱ्याइदेउ रेशम बागलुङ कालिका...', २०५४ सालतिर गायक शुभराम भारी र गायिका बिमाकुमारी दुराले यो गीत गाएका थिए । त्यसयता पनि कालिका भगवतीको महत्व र महिमा उजागर गर्दै कैयन गीत रचिए र गाइए । गीतले भनेझैँ मनले आँटेताकेको पूरा हुने विश्वासमा चैतेदशैँ पारेर यस मन्दिरमा पूजाआजा गर्नेको लर्को लाग्छ ।

गुठी व्यवस्थापन समितिको दाबीअनुसार चैत्राष्टमीका दिन शनिबार मात्रै करिब दुई लाख भक्तजनले बागलुङस्थित प्रसिद्ध शक्तिपीठ कालिका भगवती मन्दिरको दर्शन गरे । आइतबार रामनवमीमा पनि बिहानैदेखि मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्यो । चैतेदशैँको नवरात्रभर विशेष पूजाआज हुने भएकाले टाढाटाढाबाट भक्तजन यस मन्दिरमा आउने गर्छन् । मन्दिर परिसरमा चलिरहेको चैत्राष्टमी मेलाले पनि दर्शकलाई आकर्षित गरिरहेको समितिका अध्यक्ष कुमार खड्काले बताए ।

उनका अनुसार विसं १५९१ मा मन्दिर स्थापना भएपछि चैतेदशैँ मेलाको परम्परा बसेको हो । 'चैतेदशैँमा लाग्ने यो देशकै ठूलोमध्येको मेला हो, यो कालिका भगवतीको महिमासँग जोडिएको छ,' अध्यक्ष खड्काले भने, 'सदियौँदेखि चल्दै आएको चैतेदशैँ मेलालाई निरन्तरता दिँदै आएका छौँ ।' तत्कालीन पर्वत राज्यका राजा प्रतापीनारायण मल्लले पाल्पाका राजा मणिमुकुन्द सेनकी छोरीसँग विवाह गर्ने क्रममा दाइजोस्वरुप ल्याएको माझकी देवीको मूर्तिलाई अहिले कालिका भगवती मन्दिर रहेको ठाउँमा प्रतिस्थापन गरी पूजापाठ शुरू गरिएको किम्वदन्ती छ ।

कालिका भगवतीको दर्शन गर्नाले मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहिआएको अध्यक्ष खड्काले बताए । स्थानीयवासी भरत खड्काले कालिका भगवती मन्दिर र चैतेदशैँ मेला एकअर्कामा अभिन्न रहेको बताए ।

'पाल्पाली राजाले आफूले पूजाआजा गर्दै आएको माझकी देवीको मूर्ति छोरीलाई दाइजो दिएको र सो मूर्तिलाई पर्वत राज्यमा ल्याउने क्रममा यहाँ डोली बिसाएको इतिहासमा उल्लेख छ,' उनले भने, 'पछि डोली उठाउन खोज्दा कसैले उठाउन नसकेपछि देवीको मूर्तिलाई यहीँ राखेर पूजापाठ शुरू गरिएको किम्वदन्ती छ, तिनै माझकी देवीलाई अहिले कालिका भगवतीका रुपमा पुजिन्छ ।' शुरूमा खरले छाएको झुप्रोमा मन्दिर रहेको र पछि विभिन्न समयमा पुनःनिर्माण हुँदै मन्दिरले अहिलेको स्वरुप पाएको हो । यहाँ बर्सेनि बडादशैँ र चैतेदशैँमा मन्दिरमा विशेष मेला लाग्ने गरेको छ । देशका विभिन्न भूभागदेखि भारतसम्मका धार्मिक पर्यटक कालिका मन्दिर दर्शनका लागि आउने गर्छन् । मन्दिरमा बाह्रै महिना नियमित पूजाआजा हुने समितिका उपाध्यक्ष निशान खड्काले जानकारी दिए । साउन र पुस महिनामा भने बलि नचढ्ने उनको भनाइ छ । 'औँशी र एकादशीमा पनि मन्दिरमा बलि चढ्दैन, नियमित पूजाआजा भने दैनिक हुने गर्छ,' उनले भने, 'मङ्गलबार र शनिबार भक्तजनको बढी भीड हुन्छ ।'

मन्दिरमा राँगा, सुँगुर, बोका, कुखुरा, हाँस आदिको बलि दिने चलन छ । इतिहासका अध्येता काजी गाउँले श्रेष्ठले कालिका भगवतीसँग जोडिएको चैतेदशैँ मेलाले लामो इतिहास र परम्परा बोकेको बताए । श्रेष्ठले 'एक पैसा कहिलेलाई बागलुङको चैतेदशैँलाई...' भन्ने गीत पनि प्राचीनकालीन भएको बताए । उनका अनुसार पर्वत राज्य नेपाल राज्यमा गाभिएपछि म्याग्दीको बेनीबाट बागलुङ सरेको टक्सारमा धातुका पैसा छापिने गरेको थियो ।

'त्यो बेलामा एक पैसाको पनि ठूलो महत्व थियो, चैतेदशैँ मेलामा किनमेल गर्न जान पैसाको जोहो गर्नुपथ्र्यो,' श्रेष्ठले भने, 'गाउँबाट किसानहरु स्थानीय उत्पादन लिएर मेलामा बेच्न आउँथे, भारतीय व्यापारी पनि आउने गर्थे ।' पहिले भारतदेखि लुगाफाटा, मसला, मिश्री, नरिबललगायतका सामान बेच्न व्यापारी चैतेदशैँ मेलामा आउँथे । स्वतःस्फूर्त रुपमा लाग्ने मेला दुई हप्तासम्म चल्ने गरेको श्रेष्ठले बताए । उनका अनुसार माटो, धातु र काठका भाँडाकुँडा बेच्न छुट्टाछुट्टै बिक्रीकक्ष हुन्थे । मेलामा गाउँगाउँबाट झर्ने युवायुवती सात दिन सातरातसम्म दोहोरी (झ्यारे) गाएर बस्ने गर्थे । गाउँका व्यापारीले लेकाली भेगमा पाइने निगालाको चोयाबाट बन्ने स्थानीय उत्पादनलाई मेलामा बिक्री गर्दै आएका छन् । मेलामा कला, संस्कृति, खेलकुद, व्यापार र पर्यटन प्रवद्र्धनका विविध गतिविधि समेटिएको समितिका अध्यक्ष एवं मेलाका संयोजक खड्काले बताए । मेलास्थलमा स्थानीय उत्पादनको बिक्रीकक्षदेखि रमाइलो मेलासम्म राखिएको छ । परम्परागत रुपमा चल्दै आएका लोकदोहोरी, भलिबल, छेलोलगायतका प्रतियोगिताले मेलामा आकर्षण थपेका छन् ।रासस

# 'खानेपानीको सुविधा भयो गाउँ छाड्न मनै छैन'



**नवलपरासी ।**
खानेपानीको चरम अभाव झेलिरहेको बस्ती झ्याल्टुङ डाँडामा खानेपानी पुगेपछि बसाइँ सर्ने क्रम रोकिएको छ । नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको मध्यविन्दु नगरपालिका–१० झ्याल्टुङ डाँडामा खानेपानीको समस्या भएपछि केही वर्षदेखि गाउँ छाड्ने क्रम बढ्दै गएकामा अहिले उक्त क्रम रोकिएको झ्याल्टुङडाँडा ,चिसोपानी, पोखरी ताल खानेपानी सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष हेमबहादुर थापाले बताए ।

'गाउँ छाडेर जाने गइसके, खानेपानी सफल नभएको भए म पनि हिँड्थे, पानी आयो छाडेर जान पनि मन लाएको छैन । जग्गा छ, बस्तु पाल्न मिलेको छ, यही बस्ने हो अब,' हेमबहादुरले भने ।

विसं २०७६ मा शुरू भएको लिफ्टिङ खानेपानी योजना अहिले आएर पूर्ण भएको संस्थाका अध्यक्ष थापाले बताए । निर्माणको काम ढिलो हुँदा खानेपानी गाउँमा आउँदैन कि भनेर निराश बनेका आफूहरू अहिले खुसी भएको उनले बताए । खानेपानीको अभावकै कारण गाउँ छाडेका केही फर्किन लागेको उनले बताए ।

खानेपानी लिन डेढ दुई घण्टा लाग्ने गरेकोमा अहिले घर छेउको धारामा पानी आउँदा गाउँ नै रमाइलो भएको नरबहादुर सारू मगरले बताए । खानेपानी संस्थाका सचिवसमेत रहनुभएका उनका अनुसार अहिले झ्याल्टु ङडाँडासहित वरपरका गाउँ पोखरी ताल, चिसापानी ,सानो पोखरी, टाडीलगायतका गरी करिब एक सय ९१ घरलाई खानेपानीको सुविधा पुगेको छ । अँधेरी खोलाको मुहानबाट लिफ्टिङ गरी खानेपानी वितरण गरिएको उनले बताए ।

खानेपानीको समस्या भएपछि गाउँ छोड्ने टुङ्गोमा पुगिसकेको अवस्थामा अहिले पानी घरकै धारामा आउँदा स्वर्गै जस्तो लागेको स्थानीय गोमा विकले बताए । 'अहिले त धेरै सुविधा भयो, पहिले एक दुई खेप भन्दा धेरै पानी बोक्न सकिन्थेन, केही समय पानी नआए गाउँ छाडेर हिँड्नेनै टुङ्गोमा थियौँ, एक खेप पानी लिन दुई घण्टा लाग्ने, लुगा धुन ,नुहाउन नपाउने,' उनले भने 'अहिले धेरै सुविधा भएको छ । अहिले त स्वर्गै जस्तो भएको छ ।'

पहिले दिनमा तीन चार खेप पानी बोक्नु पर्दा एक जनाको कामनै पानी बोक्ने हुने गरेको स्थानीय पुनिसरा विकले बताए । पानी अड्कलेर खर्च गर्नुपर्नेमा अहिले घरमै खानेपानीको धारा आएपछि खानेपानीको समस्या टरेको उनले बताए । पानीको समस्या हुँदा डुल्दै कोही पाहुना आएर पानी मागे पनि दिन नपुग्ने अवस्था रहेको इशरा बाकवलले बताए । बसाइँको हिसाबले सुन्दर ठाउँ भए पनि खानेपानी नहुँदा झ्याल्टुङडाँडाका स्थानीयले लामो समयदेखि दुःख पाउँदै आएकोमा अहिले खानेपानीको दुःख हटेको उनले बताए ।

झ्याल्टुङडाँडामा गण्डकी प्रदेश सरकारको लागतमा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय तनहुँ, इकाइ कार्यालय नवलपुरमार्फत करिब रु एक करोडको लागतमा लिफ्टिङ प्रविधिबाट खानेपानी योजना सम्पन्न गरिएको इकाइ कार्यालय नवलपुरका प्रमुख महेन्द्र आचार्यले बताए । कार्यालयले खानेपानी नपुगेका घरमा खानेपानी पुऱ्याउने लक्ष्यका साथ योजना निर्माण गरी काम गरिरहेको उनले बताए ।

झ्याल्टुङडाँडा सहितको क्षेत्रमा खानेपानीको व्यवस्थाका लागि मध्यविन्दु नगरपालिका–१० र नगरपालिका कार्यालयबाट विद्युतीकरणमा सहयोग पुऱ्याएका नगर प्रवक्ता एवं वडा नं –१०का वडाध्यक्ष रणबहादुर थापा क्षेत्रीले बताए । मुहान भएको स्थानसम्म विद्युत् पुऱ्याउने र ट्रान्समिटर जडान गर्ने लगायतका कार्यका लागि रु २० लाख बजेट विनियोजन गरी काम गरिएको उनले बताए । रासस

# जीवनजल लिन घण्टौँ पैदलयात्राको बाध्यता अन्त्य



**भोजपुर ।**
भोजपुरको टेम्केमैयुङ गाउँपालिका– ५ मझौलेका स्थानीयको सामन्य स्वास्थ्य सेवा लिन घण्टौँ हिँड्नुपर्ने समस्याको अन्त्य भएको छ । गाउँमा नै आधारभूत सामुदायिक स्वास्थ्य सेवा सञ्चालनमा आएपछि स्थानीयको समस्या हटेको हो । नागरिकलाई सहज सेवा प्रदान गर्न तत्कालीन साविक खावा गाउँ विकास समितिका–९, ८ र ७ का स्थानीयलाई लक्षित गरेर सामुदायिक स्वास्थ्य सेवामार्फत सेवा प्रवाह भइरहेको गाउँपालिका उपाध्यक्ष रमादेवी राईले बताइन । नागरिकले पाएको सास्तीलाई समाधान गर्न आफूले जनप्रतिधि बन्दै गर्दा गरेको वाचा अनुसार नै स्वास्थ्य इकाई स्थापना गरेर सेवा प्रवाह गरेको उनले बताइन ।

'यहाँका नागरिक स्वास्थ्य सेवा लिन निकै समस्या थियो,' उपाध्यक्ष राईले भनिन्, 'सामन्य स्वास्थ्य सेवा लिन पनि तीनदेखि चार घण्टा हिँड्नुपर्ने अवस्था थियो । जनप्रतिधि बन्दै गर्दा गरेको वाचा अनुसार यहीबाट सेवा प्रवाह गर्न सफल भएका छौँ ।' नागरिकलाई सहज रुपमा स्वास्थ्यसेवा पु¬याउनलाई आफ्नो तहबाट भूमिका खेलिरहेको उपाध्यक्ष राईले बताइन् । भौगोलिक रुपमा विकट रहेका अन्य स्थानमासमेत आधारभूत सामुदायिक स्वास्थ्य इकाई स्थापना गरेर सेवा प्रवाह भइरहेको उनले जानकारी दिइन । सामान्य रुघाखोकी तथा जीवनजल लिनको लागि घण्टौँ पैदलयात्रा पार गर्नुपर्ने अवस्थामा गाउँबाट नै स्वास्थ्य सेवा लिन पाउँदा खुसी लागेको टेम्केमैयुङ– ५ का रमेश विष्टले बताए । स्वास्थ्य इकाई स्थापनाले यहाँका नागरिकले तीनदेखि चार घण्टा समय लगाएर अन्य ठाउँमा सेवा जानुपर्ने बाध्यताको अन्त्य भएको उनले बताए । 'सामान्य स्वास्थ्य सेवा लिन नै समस्या थियो,' उनले भने, 'अहिले गाउँबाट नै सेवा लिन पाएका छौँ । अहिले हाम्रो वर्षौँदेखीको समस्या हटेको छ ।'

गाउँघरमा नै स्वास्थ्य संस्था सञ्चालन भए पनि बिरामी हुँदा नियमित स्वास्थ्य जाँच गराउन पाइएको स्थानीयवासी देवबहादुर विष्टले बताए । स्वास्थ्य केन्द्र स्थापनाले सामान्य उपचार लिनको लागि घण्टौँ पैदल यात्रा पार गर्नुपर्ने अवस्थाको अन्त्य भएको विष्टले जानकारी दिए ।

'पुस्तौँबाट हामीले सामान्य स्वास्थ्य सेवा लिन समस्या झेल्दै आएका थियौँ,' उनले भने, 'अहिले गाउँमा नै स्वास्थ्य केन्द्र स्थापना भएपछि सहज भएको छ । स्वास्थ्य केन्द्र नहुँदा हामीलाई धेरै दुःख थियो । अहिले आफ्नै ठाउँमा नियमित स्वास्थ्य जाँच गराउन पाएका छौँ ।' रासस

# पोखरा—जोमसोम हवाई उडानको सख्या घट्यो

**मुस्ताङ ।**
राष्ट्रिय गौरवको बेनी–जोमसोम—कोरला सडक सहजहुँदै जान थालेपछि पोखरा—जोमसोम हवाई उडानको सख्या दुई तिहाइले घटेको छ । पर्यटकीय यामका बेला निकै चहलपहल हुने जोमसोम नागरिक उड्यन कार्यालयको जोमसोम विमानस्थलमा हवाई यात्रुको चहलपहल पहिलेको जस्तो देखिँदैन । हिमाली जिल्ला मुस्ताङमा बिहानको समयम मात्रै साना टुईनेटर जहाजहरुले पोखरा—जोमसोम हवाई सेवाको उडान भर्ने गर्दथे । तर बिहानको समयमा जोमसोम विमानस्थल पुग्ने हो भने सीमित हवाई यात्रु बाहेक अन्य कोही हुँदैनन् ।

राष्ट्रिय राजमार्ग शुरू हुनुअघि पोखरा–जोमसाम हवाई यात्रा गर्दै दैनिक तीन सय बढी पर्यटक मुस्ताङ आउने गरेका थिए । अहिले त्यो सख्या घटेर आधा पनि पुग्दैन । यसको कारण हो स्तरोन्नति हुँदै गरेको कोरला सडक । म्याग्दीको बेनीदेखि मुस्ताङको मुक्तिनाथसम्म दुई तिहाईभन्दा बढी कच्ची सडक कालोपत्र भइसकेको छ ।सडक कालोपत्र भएकै कारण हवाई यात्रुको सङ्ख्या विगतका वर्षभन्दा यसपाली हवाई उडान घट्न पुगेको जोमसोम नागरिक उड्यान कार्यालयका प्रमुख केशव लम्सालले जानकारी दिए । 'कोरला सडक स्तरोन्नति हुनु अगावै यहाँ १८ वटासम्म हवाई उडान हुने गरेको हाम्रो रेकर्डमा छ,' उनले भने, 'अहिले हवाई यात्रा गर्ने कतिपय पर्यटक सडकमार्ग हुँदै मुस्ताङ आउँजाउ गर्छन् ।'

हिउँदयामको समाप्ति र वसन्त ऋतुको आगमनसँगै यो समय मुस्ताङ घुम्न उपयुक्त अनुकूल समय हो । यद्यपि योसमयमा पोखराबाट हवाईमार्ग हुँदै मुस्ताङ आउने पर्यटक सडकमार्गबाट आउँने गर्दा उडान घटेको तारा एअरलाईन्सका जोमसोम व्यवस्थापक सुजन लालचनले उल्लेख गरे ।

'पहिला हामीलाई यात्रुवर्गलाई टिकट उपलब्ध गराउनै हम्मेहम्मे पर्ने गथ्र्यो, पोखरा जोमसोम टु वे कै टिकट काटेर आउने हवाई यात्रुले गर्दा नेपाली पर्यटकसहित स्थानीय र कर्मचारीलाई हवाई टिकट छैन भन्नुपथ्र्यो,' उनले भने, 'अहिले पोखराबाट आतेजातेको टिकट लिएर नआएमा यहाँबाट जहाज नै खाली पठाउनु अवस्था भइरहेको छ, पछिल्लो वर्षमा झनै यस्तो समस्य थपिएर उडान क्रमशः घट्ने अवस्था देखिएको छ ।'

पोखराबाट भारतीय पर्यटकले मुक्तिनाथको दर्शन गरी भोलिपल्टै फर्किने गरी दुईतर्फी हवाई टिकट लिने गरेको भए पनि अन्य मुलुकका पर्यटकले भने एकतर्फी टिकट लिएर हवाईयात्रा गर्ने भएकाले जोमसोमबाट प्रायः जहाज खालीखाली पठाउनुपर्ने अवस्था रहेको समिट एअरलाईन्सका जोमसोमका व्यवस्थापक सुमन थकालीको भनाइ छ । 'पहिला पहिला यहाँबाट स्थानीय र कर्मचारी लगायतमा यात्रु पनि जहाजको यात्रा गर्न खोज्थे,' उनले भने, 'अहिले सडक बाटो राम्रो भएकाले यहाँबाट अधिकांश यात्रु सडकमार्गबाटै पोखरा झर्ने गर्छन् ।'

पोखरा जोमसोम हवाई उडान घट्नुको अर्को कारण पछिल्लो समय सुरक्षित हवाई यात्रामा चुनौती पोखरा जोमसोम हवाई मार्गमा आधादर्जन जती हवाई दुर्घटना भइसकेको छ । बढ्दो हवाई जोखिमलाई न्यूनीकरण नेपाल नागरिक उड्यान प्राधिकरणले नयाँ नियम र थप निगरानी बढाउन थालेपछि हवाई उडान घट्नु पुगेको विश्लेषण गरिएको छ । यसो त (पोखरा—जोमसोम) हवाई यात्राका लागि सम्बन्धित ट्राभल एजेन्सीहरुले टिकट बुकिङ गर्ने गरे पनि उडान रद्द हुँदा तत्कालै सडकमार्गबाट यात्रुलाई मुस्ताङ पठाउने गर्दा हवाई उडान घटेको व्यवस्थापक थकालीले उल्लेख गरे । ट्राभल कम्पनीले हवाई टिकट बुकिङ गरे पनि सडकमार्गबाट यात्रा गराउँदा हवाई टिकटको आधा भाडा बचत हुने भएकाले पनि पहिलेको जस्तो जहाज कुरेर बस्ने नगरेको उनले जनाए । यसरी जहाजको टिकटमा बुकिङ गरेर गाडीमा पठाउँदा ट्राभल कम्पनीलाई आर्थिक लाभ हुने उनले बताए । पछिल्लो समय राष्ट्रिय गौरवको बेनी जोमसोम कोरला सडक सहज बनेपनि अधिकांश पर्यटक सडकमार्ग हुँदै मुस्ताङ आउने गरेको पाइएको छ । सडकमार्गको सहजता र सस्तो मूल्यमा यात्रा गर्न पाइने र सवारीसाधन पनि भनेको समयमा उपलब्ध हुने भएकाले सडकमार्गबाट यात्रा गर्ने पर्यटकको संख्या वृद्धि भएको हो ।

मुस्ताङका स्थानीय नागरिक, कर्मचारी, सुरक्षाकर्मी, मजदुर र सामान्य व्यक्तिसमेत सडकमार्गबाट आवतजावत गर्ने गरेका छन् । अहिले दैनिक पोखरा—जोमसोम हवाई उडान दैनिक ५–६ वटा मात्रै हुने गरेको जोमसोम नागरिक उड्यन कार्यालयको भनाइ छ । यसमा यात्रा गर्ने ८० प्रतिशत भारतीय र २० प्रतिशत अन्य मुलुकका विदेशी पर्यटक रहेको छ ।

निर्माणधीन राष्ट्रिय गौरवको बेनी—जोमसोम सडक आयोजना कार्यान्वयनमा आउन पूर्व अनुकूल मौसममा (पोखरा–जोमसोम) हवाई उडान दैनिक १८ वटासम्म हुने गथ्र्यो । साना जहाजलाई अनुकूल समयमा यात्रु ओसारपोसार गर्न भ्याइनभ्याइ हुने गथ्र्यो । भारतीय र तेस्रो मुलकका विदेशी पर्यटकले मात्रै टिकट पाउँथ्ये । नेपाली आन्तरिक पर्यटकलाई पोखरा–जोमसोम हवाई टिकट पाउन निकै कठिन पथ्र्यो । हवाई टिकट मूल्यमा एकरुपता नहुँदा नेपाली पर्यटकका साथै मुस्ताङका स्थानीयवासीलेसमेत हवाईयात्रा गर्न निकै सास्ती खप्नुपर्दथ्यो । स्वदेशी हवाई यात्रु भन्दा विदेश पर्यटकको हवाई यात्रु टिकटमा दोब्बर–तेब्बर मूल्य पर्ने भएकाले सम्बन्धित निजी एअरलाईन्स कम्पनीहरुले स्वदेशीलाई हवाई टिकट दिन खोज्दैनथ्ये । रासस

# म्याग्दी र कालीगण्डकीको कटान रोक्न ग्याबियन पर्खाल

**म्याग्दी ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमार्फत म्याग्दी जिल्लामा चालु आर्थिक वर्ष २०८१– ८२ मा २१ करोड ५४ लाख रुपैयाँको लागतमा आठ वटा योजना कार्यान्वयन भएको छ । मन्त्रालय अन्तरगतको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय कास्कीले म्याग्दी र कालीगण्डकी नदीको कटानको जोखिममा रहेका बस्तीका संरक्षणका लागि आयोजना सञ्चालन गरेको हो ।आयोजना प्रमुख विदुर श्रेष्ठले तीन सालबसाली योजना निर्माणाधीन र पाँच बहुवर्षीय योजना ठेक्का प्रक्रियामा रहेका जानकारी दिए ।

बेनी, सिङ्जा, तातोपानी, दरवाङस्थित म्याग्दी, कुश्मा नगरपालिका र जलजला गाउँपालिकास्थित कालीगण्डकी नदीको कटानको जोखिममा रहेका बस्तीमा बाढी नियन्त्रणका लागि योजना सञ्चालन गरिएको हो । बेनी नगरपालिका–४ तातोपानी स्थित सरस्वती मावी पछाडी म्याग्दी नदी किनारमा एक करोड ५५ लाख रुपैयाँ लागतमा ६६ मिटर लामो, चार मिटर चौडाइ र तीन–तीन मिटर अग्लो पलम र ग्याबिन पर्खाल निर्माण काम भइरहेको आयोजनाका इञ्जिनियर नरजङ गुरुङले बताए । निर्माण कम्पनीले यो योजना आगामी जेठ महिनाको २० गतेभित्र सम्पन्न गर्ने लक्ष्य छ । उपभोक्ता समितिमार्फत मालिका गाउँपालिका–६ दरवाङको म्याग्दी नदी किनारमा रु ७० लाखको लागतमा कम्पोजित पर्खाल निर्माण भइरहेको छ । ७० लाख रुपैयाँ बजेट विनियोजन भएको बेनी–४ सिङ्गा र सुर्केमेलामा म्याग्दी नदीको कटान रोकथामका लागि ग्याबियन पर्खाल निर्माण गर्ने योजना निर्माणाधीन छ ।

जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, दरवाङ बसपार्कलगायत भौतिक संरचनालाई म्याग्दी नदीको कटानबाट जोगाउन ६५ मिटर लामो कम्पोजिट पर्खाल निर्माणका लागि छ करोड १८ लाख रुपैयाँ लागत अनुमान गरिएको योजना ठेक्का प्रक्रियामा छ ।

तातोपानी बजार संरक्षणको दोस्रो प्याकेज अन्तरगत म्याग्दी नदी किनारमा एक सय दुई मिटर कम्पोजिट पर्खाल निर्माणका लागि तीन करोड ८१ लाख रुपैयाँ लागत अनुमान गरिएको ठेक्का मूल्याङ्कनको अन्तिम चरणमा छ । कुश्मा नगरपालिका–४ अर्मादी र जलजला गाउँपालिका कार्यालय रहेको लामाखेतस्थित कालीगण्डकी नदी किनारमा पाँच करोड रुपैयाँ लागत अनुमान गरिएको नदी संरक्षण योजना सञ्चालन गरेको छ । यो योजना पनि मूल्याङ्कनको अन्तिम चरणमा पुगेको आयोजनाले जनाएको छ ।

योजनामार्फत दुवै स्थानमा ४८–४८ मिटर लम्बाई भएको कम्पोजिट पर्खाल निर्माण गरिने छ । बेनीको कालीपुल पारी जलजला गाउँपालिका–३ स्थित कालीगण्डकी नदी किनारमा ८० मिटर कम्पोजिट पर्खाल निर्माण गर्नका लागि दुई करोड ८० लाख रुपैयाँ लागत अनुमान गरिएको योजना सञ्चालनको तयारी गरिएको आयोजनाले जनाएको छ । आयोजनाले पछिल्लो पाँच वर्षयता बेनी र आसपासको क्षेत्रमा नदी नियन्त्रणको काम गर्दै आएको छ ।

# धनुषालाई बासमती चामलको पकेट क्षेत्र बनाउन सकिने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको कञ्चनवनमा सिँचाइ दिवस मनाइएको छ । लक्ष्मिनिया गाउँपालिका–३ कञ्चनवनस्थित गजरिया विघी उपभोक्ता सिँचाइ आयोजनामा मधेश प्रदेश सरकारको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले किसानको सहभागितामा दिवस मनाएको हो ।

कार्यक्रममा प्रमुख अतिथि पूर्व खानेपानी मन्त्री तथा कांग्रेसका सहसचिव महेन्द्र यादव, प्रदेश सरकारका ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादव, प्रदेश सभा सदस्य कुवरकान्त झा, मन्त्रालयका सचिव रामकुमार खंगलगायतका प्रमुख नेता र कमर्चारीसँगै किसानको सहभागिता थियो ।

कार्यक्रमको मुख्य आकर्षण नहरको मर्मतसम्भारको सांकेतिक उद्घाटन थियो, प्रमुख तथा विशिष्ट अतिथिहरूले कोदालो चलाएर नहर मर्मत सम्भार कार्य उद्घाटन गरे । कार्यक्रममा पूर्वमन्त्री महेन्द्र यादवले किसानलाई आवश्यकताअनुसार सिँचाइका लागि योजना प्रदेश सरकारसँग माग गर्न आग्रह गरे । उनले भने, 'बासमती चामलको अन्तर्राष्ट्रिय माग बढिरहेको छ, त्यसैले धनुषालाई बासमती चामलको पकेट क्षेत्र बनाउने दिशामा थप ध्यान दिन आवश्यक छ ।'

कार्यक्रमका विशिष्ट अतिथि, प्रदेश सरकारका मन्त्री शेषनारायण यादवले मधेश प्रदेश कृषि क्षेत्र रहेकाले प्रदेश सरकारले सिँचाइतर्फ बढी ध्यान केन्द्रित राखेको बताए । उनले प्रदेश सरकारको बजेटले भ्याउन नसक्ने अवस्था रहे पनि सकेसम्म सिँचाइको क्षेत्रमा ससाना आयोजना सञ्चालन र मर्मतसम्भारको कार्य गर्दै आइरहेको बताए । साथै उनले पानीको महत्त्व बुझेर त्यसको बचत गर्न किसानलाई आग्रह गरे ।

उनले भने, 'पानीको सतह तल झर्दै गएको छ, त्यसैले पानीको संरक्षण र सम्भारका लागि ससाना ड्याम र नहरको मर्मत कार्यमा किसानले सक्रियता देखाउनुपर्छ ।' उनले सरकारको विभेद नीतिका कारण मधेश क्षेत्रका सिँचाइ आयोजनामा गम्भीर असर परेको र यसमा सुधार ल्याउन प्रदेश सरकारको प्रयास जारी रहेको जानकारी दिए ।

मन्त्री यादवले सिँचाइ आयोजनाको मर्मतसम्भार कार्य यसै सातादेखि शुरु गराउने प्रतिबद्धता जनाउंदै दूधमती नदी उकास तथा विकास परियोजना सफल भए यस क्षेत्रमा हजारौँ किसानलाई सिँचाइको समस्या समाधान हुने बताए । गजरिया विघी उपभोक्ता सिँचाइ आयोजनाका अध्यक्ष जितेन्द्र यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मन्त्रालयका सचिव रामकुमार खंग र प्रदेश सभा सदस्य कुवरकान्त झाले सिँचाइ क्षेत्रमा भएका समस्या र प्रदेश सरकारले गर्दै समाधानबारे बताएका थिए ।

# शैक्षिक हड्तालले सामुदायिक विद्यालयमा पठनपाठन ठप्प



**मनोज माझी**
**राजविराज ।**
विद्यालय शिक्षा विधेयकमा संशोधन तथा विगतमा भएको सहमति कार्यान्वयन गर्न माग गर्दै आन्दोलनरत शिक्षकको काठमाडौँ केन्द्रित आन्दोलनमा समर्थन जनाउँदै शैक्षिक हड्ताल गरिएपछि सोमबार सप्तरीका सम्पूर्ण सामुदायिक विद्यालयको पठनपाठन ठप्प भएको छ । विगतमा नेपाल शिक्षक महासंघसँग भएको सहमति पालना तथा विद्यालय शिक्षा विधेयक संशोधन गरी शिक्षा ऐन जारी नभएसम्म शैक्षिक हड्ताल जारी राख्ने आन्दोलनरत शिक्षकले अडान लिएका छन् ।

नेपाल शिक्षक महासंघको आह्वानमा यहाँका अधिकांश शिक्षक काठमाडौँकेन्द्रित आन्दोलनमा सरिक हुन विद्यालयमा पठनपाठन नगरी उतै गएपछि सोमबारदेखि पठनपाठन पूर्ण रुपमा ठप्प भएको हो । राजविराज नगरपालिकामा मात्रै ६ मावि, १२ निमावि र २४ प्रावि गरी ४२ सामुदायिक विद्यालय छन् । यस्तै जिल्लाभर मावि, निमावि र प्रावि गरी ५ सय १३ सामुदायिक विद्यालय छन् । जसमा डेढ लाख भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।

लगातार दुई दिनको बिदापछि सोमबार विद्यालय पुगेका विद्यार्थीले गुरुहरुद्वारा हड्ताल गरिएको थाहा पाएपछि निराश भई घर फर्किएका थिए ।

शिक्षकहरुद्वारा शैक्षिक हड्ताल नै शुरु गरिएपछि ती सबै बालबालिकाको पठनपाठन र शैक्षिक भविष्य अन्यौलमा परेको छ । आफ्ना माग लिएर काठमाडौँका सडकमा आन्दोलनरत शिक्षकसँग तत्काल वार्ता गरी समस्याको समाधान खोज्न यहाँका अभिभावकले सरकारसँग माग गरेका छन् ।

# लोसपा संसदीय दलमा राइन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) को मधेश प्रदेश संसदीय दलका नेतामा प्रदेश सांसद जयनुल राइन चयन भएका छन् ।

करिब १५ महिनादेखि रिक्त पदमा लोसपाको केन्द्रीय कार्यालयले सोमबार दलको नेता चयन गरेको हो । सांसद अभिराम शर्मा थमन विक हत्यामा दोषी ठहर भएपछि लोसपा संसदीय दलको नेताको पद खाली भएको थियो । शर्मालाई अदालतले दोषी ठहर गरेपछि मधेश प्रदेसभाले उनलाई निलम्बन गरेको थियो ।

लामो रस्साकस्सीपछि अध्यक्ष महन्थ ठाकुरले सोमबार औपचारिकरुपमा पत्र लेखेर जिम्मेवारी दिएका हुन् । नेता राइनले आफूलाई पार्टी अध्यक्षले जिम्मेवारी दिएको बताए । उनले भने, 'करिब १५ महिनादेखि यो पद खाली थियो, आज पार्टी अध्यक्षज्यूले मलाई जिम्मेवारी दिनुभएको छ । त्यही अनुसार मैले सभामुखको कार्यालयलाई जानकारी गराएको छु ।'

अर्को व्यवस्था नहुँदासम्म राइनलाई संसदीय दलको नेता मनोनयन गरिएको पत्रमा उल्लेख गरिएको छ ।

# ग्राहकको सुन चोरेर भारत भाग्दै गरेका तीन भारतीय पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरीले वीरगंज भन्सारबाट सुनचाँदीका गरगहनासहित तीनजनालाई पक्राउ गरेको छ । काठमाडौँको सुनचाँदी पसललाई बनाउन दिएको ग्राहकको सुनचाँदी कालीगढको मिलेमतोमा लिएर फरार भएका तीनजनालाई वीरगंज भन्सार क्षेत्रबाट सशस्त्र प्रहरीले सोमबार पक्राउ गरेको हो । भारतको पश्चिम बङ्गाल प्रान्त किशोरनगरका अन्दाजी ३५ वर्षीय सौमेन गुचैट र सोही ठाउँका २५ वर्षीय अमित दासलाई सशस्त्र प्रहरीले पक्राउ गरेको हो । काठमाडौँकै जडिबुटीमा सुन बनाउने कारखाना सञ्चालन गर्ने भारत, पश्चिम बङ्गालका बटु रंग र उनका कामदारसँग मिलेमतो गरी ग्राहकको सुन लिएर भागेको खुलेको सशस्त्र प्रहरीले जनाएको छ । उनीहरुका साथबाट अन्दाजी ८२ लाल दुई सेट झुम्का, अन्दाजी ३० लालको एक सेट रिङ्ग, अन्दाजी ३० लालको एक थान सिक्री लकेट, अन्दाजी ४ लालको गणेश लक्ष्मीको मूर्ति अङ्कित एक थान लकेट र अन्दाजी १ तोला सुनका टुक्रा गरी जम्मा अन्दाजी २ तोला ६६ लाल सुन बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ ।

त्यस्तै उनीहरूको साथबाट अन्दाजी २ तोलाको चाँदीको मूर्ति पनि बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ । त्यहीबाट उनीहरुले सुनचाँदीका गहना लिएर भारत जान वीरगंज आइपुगेका थिए । त्यही सूचनाका आधारमा प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको टोलीले नेपालबाट भारत जान लागेका उनीहरुलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान तथा कारबाहीको लागि प्रहरी चौकी ईनरुवाको जिम्मा लगाइएको सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वार्टर पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायव उपरीक्षक देवेन्द्र सिंहले जानकारी दिए ।

# चालकले कार छाडेर भागेपछि....

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरीले वीरगंजबाट भारतीय नम्बर प्लेटको कारलाई अवैध सामानसहित नियन्त्रणमा लिएको छ । विशेष सूचनाका आधारमा वीरगंज भन्सार कार्यालयमा खटिएको सुरक्षाकर्मीको टोलीले बिआर ३३ एएल ९५९७ नम्बरको भारतीय सुजुकी कार नियन्त्रणमा लिएको हो । रक्सौलबाट वीरगंज र वीरगंजबाट रक्सौल आवतजावत गर्नेक्रममा कारले पटकपटक विभिन्न वस्तुको अवैध ओसारपसार गरिरहेको सूचना प्राप्त भएपछि चेकजाँच गरिएको थियो । चेकिङक्रममा कारमा तस्करीको टायर फेला परेको थियो । कारमा अस्थायी पैठारी प्रज्ञापन पत्र र गाडीको दर्ताको कागजपत्र समेत फेला नपरेपछि थप खानतलासीमा कारभित्र १५ हजार रुपैयाँ मूल्य बराबरको ३ वटा नयाँ टायर बरामद भएको सशस्त्र प्रहरी नायव उपरीक्षक देवेन्द्र सिंहले जानकारी दिए । कार चेकिङ्ग भइरहेका बेला सवारी चालक भने गाडी छाडेर फरार भएको सशस्त्र प्रहरीको भनाइ छ । नियन्त्रणमा लिइएको कार र टायरसहित २५ लाख १५ हजार रुपैयाँ बराबरको सामान आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायव उपरीक्षक सिंहले बताए ।

# गहोई वैश्य आध्यात्मिकद्वारा भागवत कथा आयोजना

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
गहोई वैश्य समाज आध्यात्मिक समिति ग्वालियरद्वारा सप्ताहव्यापी भागवत कथा संघीय राजधानी काठमाडौँमा भएको छ । कथावाचन मार्च ३१ बाट शुरु भएको हो ।

वृन्दावनका महामण्डलेश्वर श्री दीनबन्धु जी महाराजले कथा वाचन गरेका थिए । कथामा भारतको उत्तर प्रदेश, मध्य प्रदेश, राजस्थान, महाराष्ट्र राज्यका गहोई बैश्यका ३ सय ५० भन्दा बढी महिला तथा पुरुषको सहभागिता रहेको प्रदीपकुमार गुप्ताले पत्रकारहरुलाई जानकारी दिए । कथा समापनपछि सोमबार जनकपुरधामको जानकी मन्दिर र अन्य मठ मन्दिरमा पूजाआराधना गरी सीतामढीको पुनराधाममा रहेको माता सीताको प्रकाट्यस्थलको दर्शन गरी सबै गन्तव्यमा जानेछन् । गहोई वैश्य आध्यात्मिक समितिले नेपालमा पहिलोपटक भागवत कथा आयोजना गरेको उनले बताए । निकट भविष्यमा गहोई वैश्य आध्यात्मिक समितिले जनकपुरधाममा भागवत कथा आयोजना गर्न सक्ने बताइएको छ । कार्यक्रममा राधेश्याम जी, सुरेश जी, महेश जी, नवल जी, राकेश जीलगायतका उपस्थित थिए ।

# ११ वर्ष पुरानो कारागारमा लामिछानेको बास

**रुपन्देही ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवम् गोर्खा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने कारागार चलान भएका छन् । दुई दिन जिल्ला प्रहरी कार्यालय, रुपन्देहीको हिरासतमा राखिएका लामिछाने सोमबार जिल्ला कारागार चलान भएका हुन् । जिल्ला अदालत पेस गरेर आवश्यक प्रक्रिया पूरा गरिएपछि उनलाई कारागार चलान गरिएको हो । अदालत पेस गरेपछि जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक (डिएसपी) सुरज कार्कीको नेतृत्वको टोलीले लामिछानेलाई अदालत पेस गरेलगत्तै थुनुवा पुर्जी प्रदान गर्ने प्रक्रिया पूरा गरेर कारागार लगिएको थियो । जिल्ला प्रहरीको टोलीले सोमबार बिहान कार्यालय समय भएपछि बुटवल पुगेर उच्च अदालतको आदेशको मिसिल बुझेको थियो । मिसिल बुझेर भैरहवा ल्याएपछि जिल्ला प्रहरीको हिरासतबाट लामिछानेलाई अदालत पेस गरिएको थियो ।



जिल्ला कारागारका प्रशासक सुरेश भण्डारीका अनुसार करिब एकघण्टासम्म कारागारमा लामिछानेको स्वास्थ्य परीक्षण गरिएको थियो । त्यसपछि लामिछानेलाई कारागारको ब्लक नम्बर ४ मा राखिएको छ । कारागारमा अहिले लामिछाने मात्रै रहेको प्रशासक भण्डारीले बताए । जुन कारागारा ११ वर्ष पुरानो हो । लामिछानेलाई राखिएको कक्ष अन्य कैदीबन्दीलाई राखिएका भवन भन्दा बाहिर छ । शुक्रबार राति काठमाडौँमा पक्राउ गरेर लामिछानेलाई शनिबार बिहान भैरहवा ल्याइएको थियो । दुई दिन बिदा भएपछि उनलाई शनिबार र आइतबार जिल्ला प्रहरी कार्यालय, रुपन्देहीको हिरासतमा राखिएको थियो । सोमबार बिहान अदालत लैजानुअघि सदरमुकाम भैरहवाको सुरक्षा व्यवस्था कडा बनाइएको थियो । जिल्ला प्रहरीबाट अदालत जाने बाटो र अदालत परिसर आसपास नेपाल र सशस्त्र प्रहरी तैनाथ गरिएको थियो । त्यस्तै, जिल्ला कारागार परिसर र आसपास पनि बाक्लो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो ।

बुटवलको सुप्रिम सहकारी ठगी र सङ्गठित अपराधसम्बन्धी मुद्दामा उच्च अदालत तुलसीपुर बुटवल इजलासले शुक्रबार थुनामा राख्न आदेश दिएपछि प्रहरीले लामिछानेलाई पक्राउ गरेको थियो । जिल्ला अदालत रूपन्देहीले दिएको एक करोड धरौटी लिएर छाड्ने आदेश बदर गर्दै उच्च अदालतले लामिछानेलाई थुनामा पठाउने आदेश दिएको हो । माघ १३ गते जिल्ला अदालत रूपन्देहीले रवि लामिछानेलाई एक करोड रुपैयाँ धरौटी रकम माग गरेको थियो भने छविलाल जोशीलाई माघ २९ गते पुर्पक्षका लागि कारागार चलान गरेको थियो । समान प्रकृतिको मुद्दामा एकजनालाई धरौटी र अर्कालाई थुना भएपछि सरकारी वकिल कार्यालयले लामिछानेलाई पनि थुनामै राख्नुपर्ने माग गर्दै उच्च अदालत पुगेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन